# आराधना

# WORSHIP



Jerry Bates

# आराधना

# (WORSHIP)

© सर्वाधिकार प्रकाशकमा,

पहिलो संस्करण: २०७९, असोज

संख्या: (२,००० प्रति)

लेखक/Writer

मुद्रण:

ऐरिदेवी प्रिन्टिङ्ग प्रेस

प्रकाशक

चापागाँउ ख्रीष्टको मण्डली

नेपाल बाइबल अध्ययन केन्द्र

Nepal Center for Biblical Study

पो.ब.नं. २५९९९, ललितपुर, नेपाल

आफ्नो बाइबल बुझ्नुहोस् ।

KNOW YOUR BIBLE

# आराधना

# WORSHIP

Advanced Bible Study

*उच्च श्रेणीको बाइबल अध्ययन*



Jerry Bates

# परिचय

*बाइबलका महत्वपूर्ण विषयहरु बुझ्न सजिलो छ । यो पुस्तकले धेरै सजिलो बनाउनेछ भन्ने कुरामा म विश्वस्त छु ।*

*यस बाइबल अध्ययन पुस्तकको लेखकलाई मैले केही समयदेखि चिनेको छु । उहाँ कुनै पनि बाइबल विषयमा आफ्नो सरल र बलियो शिक्षाका लागि परिचित हुनुहुन्छ । उहाँद्धारा यो पुस्तकको प्रकाशन गर्न पाउँदा म अति खुशी छु । यस पुस्तकको लेखक ख्रीष्टमा दाजु जेरी बेट्सले आफ्नो कक्षा कोठामा पढाउने तरिकाले बाइबलका विषयहरु बुझ्नको लागि सहयोग मिलेको छ । यही विधि यहाँ लेखकले लिखित रुपमा हामीलाई बाइबलबाट "आराधना" मा रहेको विषय थाहा दिनको लागि प्रयोग गरिएको छ । यो विषय बाइबलमा आधारित भएर हामीलाई बुझाउनको लागि लेखकले प्रयास गर्दै हुनुहुन्छ र यसमा उहाँ होशियार पनि हुनुहुन्छ ।*

*तपाईको अध्ययनको क्रममा उठ्ने यस्ता कुनै पनि प्रश्नहरुलाई हामी स्वागत गर्छौं । तपाईले जवाफ दिन र आफ्नो शिक्षकलाई फिर्ता पठाउनको लागि प्रत्येक पाठको अन्त्यमा एउटा प्रश्न खण्ड राखिएको छ । कृपया भरिएको प्रश्नावली पाना प्रेषकको ठेगानामा पठाउनुहोस् र तपाईको भविष्यको अध्ययनको लागि पुस्तक राख्नुहोस् । यो अध्ययन पूरा गरिसक्नुभए पछि तपाईलाई सुन्दर प्रमाण पत्रले पुरस्कृत गरिनेछ भनी निश्चित हुनुहोस् । परमेश्वरले तपाईलाई आशिष दिनुहुन्छ । तपाईले अध्ययन गर्नुहुँदा आपूलाई परमेश्वरको सामु योग्य साबित गर्नुहोस् ।*

**प्रभुको सेवामा,**

**गजेन्द्र देशार**
**चापागाउँ ख्रीष्टको मण्डली**
**नेपाल बाइबल अध्ययन केन्द्र**
**चापागाउँ, ललितपुर**

# 'आराधना

## बिषय सूची

(१) 'आराधना भनेको के हो?..........................................४

(२) हामीले कहाँ 'आराधना गर्नुपर्छ?..............................११

(३) प्रार्थना भनेको के हो?...........................................१८

(४) प्रभुभोज.............................................................२६

(५) भजन गाउँदै.........................................................३३

(६) सन्तहरूका संकलन (भेटी)......................................४०

१

# आराधना भनेको के हो?

खीष्टियानहरु आराधनाका महत्वपूर्ण क्रियाकलापहरुमा सम्लग्न हुन्छन् । मानिसहरुले आधुनिक आराधनामा थपेका धेरै कार्यहरु परमेश्वरको वचनको अधिकारबाट आएका छैनन्; तैपनि, पावलले कलस्सी ३ः१७ मा लेख्दछन्, "कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्धारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर ।" येशूको नाममा गर्नु भनेको उहाँको अधिकारद्धारा गर्नु हो । बाइबलीय अधिकार बिनाको आराधना येशूको निम्ति "व्यर्थ" वा रित्तो" आराधना हो (मत्ती १५ः९) । तसर्थ, बाइबल अनुसारको आराधनामा के सम्लग्न छ भनी हामीले पत्ता लगाउनु पर्छ र हाम्रो आराधना परमेश्वरमा स्वीकार्य छ भनी निश्चित हुनुपर्दछ ।

## आराधना भनेको के हो?

नयाँ नियममा आराधना शब्दलाई सामान्यतया अनुवाद गर्दा यसको अर्थ अभिवादन गर्नु, प्रणाम गर्नु वा गहिरो आदर देखाउनु लाग्छ । यसले श्रद्धा, आदर र भयलाई जनाउँछ । आराधनासँग सम्बन्धित पद यूहन्ना ४ः२३-२४ हो, "तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरुले पितालाई आत्मा र सत्यतामा आराधना गर्नेछन्, किनकि आराधना गर्ने यस्तै आराधकहरुलाई नै पिताले खोज्नुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरुले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ ।" येशूले साँचो आराधकहरुको बारेमा बोल्नुहुँदा यसले झुटा आराधकहरुको अस्तित्व छ भन्ने कुरालाई पनि संकेत गर्छ । हामी परमेश्वर पितालाई आराधना गर्छौं । यसले आत्मियता र प्रेमलाई जनाउँछ (एफिसी १ः३; लूका ११ः२-४) । हामीले परमेश्वरको आदर योग्यता र श्रद्धालाई कहिल्यै बिर्सनु हुँदैन् । साँचो आराधनामा दुईवटा प्रमुख तत्वहरु संलग्न छन्ः आत्मा र सत्यता । आत्माले

भरिएको आराधना हृदयको निष्कपट हो र सत्यतामा आराधना गर्नु भनेको परमेश्वरको वचनको निर्देशन अनुसार गर्नु हो । येशूले भन्नुभयो, "तपाईंको वचन सत्य हो" (यूहन्ना १७:१७); यसरी सत्यतामा आराधना गर्नु भनेको उहाँको वचनले दिइएको आज्ञा अनुसार आराधना गर्नु हो ।

आराधना भनेको परमेश्वरको महिमा गर्ने कार्य हो । हाम्रो आराधनाको केन्द्रविन्दु परमेश्वर हुनुहुन्छ, हामी आफैं होइनौं भन्ने कुरा हामी सम्झन्छौं । "परमेश्वर को हुनुहुन्छ भनेर चिन्नु र आफू को हो भनेर आफैलाई चिनेर उचित प्रतिक्रिया दिनु" नै आराधना हो भनी एक जना प्रचारकले आराधनालाई परिभाषित गरिएको छ । यो सरल परिभाषा हो । यो पाठमा आराधना बारे बुझ्नको लागि सरल आधारभुत कुराहरु प्रयोग गरिएको छ । आराधनाको पहिलो पक्ष भनेको परमेश्वर को हुनुहुन्छ भनेर पहिचान गर्नु हो । स्वर्ग, पृथ्वी र त्यसमा भएका सबैकुराको सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ (उत्पति १:१; कलस्सी १:१६) । उहाँ साँचो परमेश्वर हुनुहुन्छ (प्रस्थान २०:२-३) । उहाँ पूर्णरुमा सही, धर्मी र न्यायी हुनुहुन्छ (मर्कूस १०:१८) । यशैयाले उहाँलाई "इस्राएलका पवित्र जन" भन्नुहुँदा उनले परमेश्वरको यस पक्षलाई जोड दिन्छ । यशैयाले "एक पवित्र जन" शब्दलाई परमेश्वरको सन्दर्भमा २९ पटक प्रयोग गरेका छन् (उदाहरणका लागि, यशैया १:४; ४३:१५) । यो ठूलो विरोधाभास हो । पवित्र जन हाम्रो बीचमा हुनुहुन्छ । "हे सियोनका मानिस हो, उच्च सोरले कराओ, र आनन्दले गाओ, किनकि तिमीहरुका बीचमा इस्राएलका परमपवित्र महान हुनुहुन्छ" (यशैया १२:६) ।

दोस्रोमा, हामी को हौं भन्ने कुरालाई ध्यान दिन्छौं । पावलले भजनसंग्रह १४:१-३; ५३:१-३; रोमी ३:१०-१२ मा मानिसको दुर्दशालाई संक्षेपमा उदघृत गरेका छन् । "धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन । ती सबै बरालिएका छन् । तिनीहरु एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन् ।" आफ्नो विश्वासको ठूलो परीक्षाबाट गुज्रिसकेपछि अयुब भन्दछ, "यसैकारण म आफूलाई तुच्छ ठान्छु, अनि धूलो र खरानीमा बसेर म पश्चात्ताप गर्दछु" (अयुब ४२:६) । यशैया अगमवक्ताले परमेश्वरबाट दर्शन पाए पछि उनी आफु अशुद्ध ओठको मानिस थिए भनी स्वीकार गरे

(यशैया ६:५) । प्रायः हामी आफूलाई असल मानिसको रुपमा देख्छौं, परमेश्वरको तुलनामा हामी सबै पापी मानिस हौं । परमेश्वरको स्तर पूर्णता हो, जुन निस्सन्देह, मानिसको भलाइको स्तरभन्दा धेरै उच्च छ । यसरी, आराधनामा कोही व्यक्ति आफ्नो पाप बोकेर परमेश्वरको नजिक जानको लागि अयोग्यताको पहिचान गर्दछ (लूका ५:८; यशैया ६:५) । यसले आराधकको तर्फबाट कृतज्ञता र नम्रतालाई बढावा दिन्छ ।

तेस्रोमा, हामीले उचित जवाफ दिनुपर्छ । उचित जवाफ के हो? हाम्रो उपयुक्त प्रतिक्रियामा धेरै कारणहरु संलग्न छन् । (१) हामीमा निर्भरता र नम्रताको भावना हुनुपर्छ । परमेश्वर सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ, र हामी सबै उहाँबाट आएका हौं । (२) हामीमा धन्यवाद दिने मनोभावना हुनुपर्छ । मानिसले धन्यवाद दिनुपर्छ भन्ने कुरालाई अक्सर बाइबलले प्रोत्साहन दिन्छ । "सधै सबै कुराको निम्ति हाम्रा प्रभु येशूको नाउँमा परमेश्वर पितालाई धन्यवाद चढाओ" (एफिसी ५:२०) । हामी आनन्दले भरिपूर्ण हुनुपर्छ । "प्रभुमा सधै आनन्द गर । म फेरि पनि भन्दछु, आनन्द गर" (फिलिप्पी ४:४) । "आशाका परमेश्वरले तिमीहरुलाई विश्वासद्धारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदेऊन, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरु आशामा प्रशस्त हुन सक" (रोमी १५:१३) । (४) हाम्रो जीवन उहाँको इच्छा र आज्ञापालनमा समर्पण गर्नुपर्छ । "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ–आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर" (रोमी १२:१) । सही तरिकाले आराधना गरेर मात्र हुँदैन्; जीवन पनि पवित्र र सही हुनुपर्छ । हाम्रो जिउने जीवनको तरिकाबाट हामी आराधनालाई अलग गर्न सक्दैनौं । हाम्रो आराधना पवित्र जीवनसँग सम्बन्धित छैनन् भने परमेश्वरले हाम्रो आराधनालाई घृणा गर्नुहुन्छ । "तिमीहरुका धार्मिक चाडहरुलाई म घृणा गर्दछु, तिमीहरुका सभाहरु म सहन सक्दिनँ । तिमीहरुले मेरो निम्ति होमबलि र अन्नबलि चढाए तापनि म ती ग्रहण गर्नेछैनँ । तिमीहरुले चढाएका सबैभन्दा असल मेलबलिमाथि पनि म परवाह गर्नेछैनँ" (आमोस ५:२१–२२) । आमोसको समयमा इस्राएलीहरुले पूर्णरुपमा गलत तरिकाद्धारा आराधना गरिरहेको थियो भन्ने कुरा होइन; तर तिनीहरु आराधना अनुसारको पवित्र जीवन जीइरहेका थिएनन् । यसरी परमेश्वरले

तिनीहरुको आराधनालाई अस्वीकार गर्नुभयो ।

## आराधनाका उद्देश्यहरु

आराधनाका उद्देश्यहरु छन् भनी बाइबलले हामीलाई बताउँछ । आराधनाको मुख्य उद्देश्य परमेश्वरको महिमा गर्नु हो । “यसकारण चाहे तिमीहरु खाओ, अथवा पिओ, वा तिमीहरु जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर” (१ कोरिन्थी १०:३१) । परमेश्वर प्रशंसा र महिमाका योग्य हुनुहुन्छ । हामीले गर्ने सबै कुरा हामीमा बास गर्नुहुने परमेश्वरलाई प्रतिबिम्बित हुनुपर्छ । यो गर्नको लागि आराधना भन्दा अर्को कुनै उत्तम तरिका छैन । एफिसीको पत्रमा पावल प्रार्थना गर्दछ कि “उहाँलाई नै पुस्ता–पुस्तासम्म मण्डली र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस् । आमिन” (एफिसी ३:२१ ) ।

आराधनाको अर्को उद्देश्य भनेको सँगी ख्रीष्टियानहरुलाई सुदृढ गर्नु हो । “कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं । तर प्रभुको दिन नजिक आइरहेको तिमीहरुले देखेका हुनाले एउटाले अर्कोलाई झन प्रोत्साहन देओ” (हिब्रू १०:२५) । यसले फेरि भेलाको महत्वलाई जोड दिन्छ, किनकि सँगै भेला नभई हामी एकअर्कालाई कहिल्यै प्रोत्साहन दिन सक्दैनौं । पावलले १ कोरिन्थी १४:२६ मा कोरिन्थीहरुलाई सबै चीजहरु सुधारको निम्ति होस् भनेको छ । १ कोरिन्थी १४ अध्यायमा “निर्माण गर्नुहोस्” वा “सुदृढ गर्नुहोस्” भन्ने शब्दहरु सात पटक प्रयोग गरेका छन् । यो अध्यायमा पावलले आत्मिक वरदानहरु सहित आराधनाको दुरुपयोगलाई सच्याइरहेका थिए । किनभने सुधारको लागि निर्देशन र बुझ्ने शब्दहरु चाहिन्छ । संगी ख्रीष्टियानहरुलाई निर्माण गर्नु आराधनाको अर्को उद्देश्य हो ।

आराधनाको अर्को उद्देश्य भनेको हाम्रो मुक्ति र एकतालाई ख्रीष्टको शरीरको रुपमा स्मरण गर्नु वा घोषणा गर्नु हो । “त्यो आशिष्का कचौरा जुनको निम्ति हामी आशिष माग्छौं, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन् र? त्यो रोटी, जुन हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन्? किनभने रोटी एउटै हो, हामी धेरै भए तापनि एउटै

शरीर हौं, किनकि सबै एउटै रोटीबाट खान्छौं" (१ कोरिन्थी १०:१६–१७) । अर्को अध्यायमा पावलले प्रभु भोजको दुरुपयोगलाई सच्याउँदै थिए, उनी १ कोरिन्थी ११:२६ मा लेख्दछ, "किनभने जहिले–जहिले तिमीहरु यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरु प्रभुका मृत्युको घोषणा गर्दछौं ।" हामी प्रभु भोजमा सहभागी हुँदा उपस्थित हुनुभएका अविश्वासीहरुलाई हामीले येशूको मृत्यु र बलिदानको घोषणा गरिरहेका हुन्छौं । यसको साथै प्रभु भोजले सँगी ख्रीष्टियानहरुलाई हाम्रो पारस्परिक मुक्ति र एकताको सम्झना गराउँछ, जुन ख्रीष्टको शरीरका सदस्यहरुसँग छन् ।

## निष्कर्ष:

आराधना भनेको के हो र आराधनाका केही उद्देश्यहरु हामीले यस पाठमा अध्ययन गऱ्यौं । वर्तमान समयको आराधनामा धेरै दुर्व्यवहारहरु आएका छन् । किनभने हामीले आराधनाको उद्देश्यलाई बिर्सेका छौं । आफूलाई खुशी पार्ने चीजको रुपमा आराधनालाई परिणत गरेका छौं । अर्को पाठहरुमा परमेश्वरको आराधनामा संलग्न हुने हरेक क्रियाकलापहरुलाई हामी विस्तृत रुपमा हेर्नेछौं ।

नाम...........................................................भर्ना नम्बर.........................

## प्रश्नहरु

(१) साँचो आराधनाका दुइवटा कारक तत्वहरु के-के हुन्?

(२) आत्मामा आराधना गर्नु भनेको के हो?

(३) सत्यतामा आराधना गर्नु भनेको के हो?

(४) यस पाठमा परिभाषित गरिए अनुसार साँचो आराधनाका तीनवटा भागहरु के-के हुन्?

(५) यशैयाको भनाइ अनुसार परमेश्वर इस्रायलको.................................. हुनुहुन्छ ।

# सही/गलत

(१) आराधना मुख्तया परमेश्वरमा केन्द्रित हुनुपर्छ । सही/गलत

(२) आराधना शब्दले श्रद्धा, भय र आदर दिनुलाई जनाउँछ ।
सही/गलत

(३) आराधना हाम्रो बाँकी जीवनबाट पूर्ण रुपमा अलग छ; तसर्थ, पापमय जीवन जीइएता पनि व्यक्तिको आराधना स्वीकार्य हुन सक्छ ।
सही/गलत

(४) हामीले जीवनमा जे गर्छौं त्यसले परमेश्वरलाई महिमा र सम्मान दिनुपर्दछ । सही/गलत

(५) आराधना एकजना व्यक्ति र परमेश्वर बीचको कुरा हो; यसकारण, हामी वरपरका हाम्रा सँगी ख्रीष्टियानहरुसँग थोरै चासो राख्छौं ।
सही/गलत

२

# हामीले कहाँ आराधना गर्नुपर्छ?

मानिसहरु सधै आराधनाद्धारा परमेश्वरको नजिक पुग्छन् । कयिन र हाबिलले पनि परमेश्वरलाई सुरुवाटमा बलिदानहरु ल्याएको हामी देख्छौं (उत्पति ४:१५) । दुवैजनाले बलिदानहरु ल्याए । केवल हाबिलको बलिदान परमेश्वरले स्वीकार गर्नुभयो । पितापूर्खाको युगमा, हरेक परिवारले परमेश्वरलाई आराधनाद्धारा आ–आफ्ना बलिदानहरु चढाउँथे । परमेश्वरले सीनै पर्वतमा इस्राएलका सन्तानहरुसँग आफ्नो करार बाँध्नुहुँदा उहाँले स्पष्ट रुपमा भन्नुभयो कि सबै आराधनाहरु लेवी कुलबाट आएका पूजाहारीहरु मार्फत पालमा गरिनुपर्थ्यो । पछि, राजा शाऊलबाट सुरु भएको राज्यको स्थापनासँगै, अस्थायी पाललाई यरुशलेमको मन्दिरमा प्रतिस्थापना गर्‍यो । त्यही समयदेखि यरुशलेममा स्थायी रुपमा आराधना हुन थाले । ख्रीष्टद्धारा स्थापना भएको करार अन्तर्गत आराधना जुनसुकै स्थानमा गर्न सकिन्छ । यूहन्ना ४ अध्यायमा येशू सामरी स्त्रीसँग इनारमा कुरा गरिरहनुभएको थियो । उहाँले त्यस स्त्रीलाई आराधनाको सही स्थान कहाँ हो भनी सोध्नुभयो । उनका पूर्खाहरुले सामरीयालाई उचित ठाउँ भनेका थिए भने यहूदीहरुले यरुशलेमलाई सही ठाउँ ठानेका थिए । येशूले तिनलाई भन्नुभयो, "ए नारी, मलाई विश्वास गर, त्यो बेला आउँदैछ, जब तिमीहरु न त यस डाँडामा, न यरुशलेममा पिताको आराधना गर्नेछौं" (यूहन्ना ४:२१) । अर्को शब्दमा, हामीले आराधना गर्ने ठाउँ ठ्याक्कै महत्वपूर्ण होइन भनी उहाँले भनिरहनुभएको छ । संसारभरका जुनसुकै ठाउँमा बसोबास गरेका परमेश्वरका जनहरुले जहाँ पनि परमेश्वरको आराधना गर्न सक्छन् ।

# हामीले कहिले आराधना गर्नुपर्छ?

मोशाको व्यवस्थाको समयमा, इस्राएलीहरुलाई शबाथ दिनमा आराधना गर्न आज्ञा दिइएको थियो । "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू । छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, तर सातौं चाहिँ दिन परमप्रभु तिमीहरुका परमेश्वरको निम्ति शबाथ- दिन हो । त्यसमा तिमीहरुले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमाराले- कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस् । किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुन्द्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो । त्यसकारण परमप्रभुले शबाथ दिनलाई आशिष दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो" (प्रस्थान २०:८-११) । यो करार केवल इस्राएलीहरुलाई मात्र दिइएको थियो । मोशाले पछि लेख्दछ, "परमप्रभु हाम्रा परमेश्वरले हामीसित होरेबमा करार बाँध्नुभयो । परमप्रभुले यो करार हाम्रा पितापुर्खासँग होइन, तर हामीसँग, जो आजसम्म यहाँ जीवित छौं, यो बाँध्नुभएको हो" (व्यवस्था ५:२-३) । यो करार केवल इस्राएल र तिनीहरुका सन्तानहरुसँग बाँधिएको थियो, तिनीहरुका पुर्खाहरु वा अन्यजातिहरुसँग होइन । यसमा शबाथ दिन पनि समावेश थियो ।

येशूले पुरानो करारलाई आफ्नो क्रूसमा टाँग्नुभयो । "हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरुलाई क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो" (कलस्सी २:१४) । रोमी ७ अध्यायमा, पावल भन्दछ कि हामी व्यवस्थामा मरेका छौं, ताकि हामी अर्को (ख्रीष्ट) सँग विवाह गर्न सकौं । त्यसपछि, पद ७ मा, उनले विशेष रुपमा "तिमीहरुले लोभ नगर्नू" भन्ने उल्लेख गर्दछ । ती आज्ञाहरु मध्ये एकको रुपमा जुन हामी मरेका थियौं । त्यो दश आज्ञाहरु मध्येको एउटा आज्ञा हो (प्रस्थान २०:१७) । यदि कोही दश आज्ञाहरु मध्ये एउटामा मरेको छ भने, उ ती सबैको लागि अनिवार्य रुपमा मरेको हुन्छ । यसैले, हामीलाई अब शबाथ दिन पवित्र राख्ने र शबाथको दिनमा आराधना गर्ने कुनै आज्ञा छैन् ।

नयाँ करार अन्तर्गत, हामी हप्ताको पहिलो दिनमा आराधना गर्नुपर्छ भन्ने कुरा पाउँछौं । सुरुदेखि नै प्रारम्भिक मण्डलीले हप्ताको पहिलो

दिन आराधना गर्थे । हप्ताको पहिलो दिन पावल त्रोआसको मण्डली सभामा सहभागी भएको थियो (प्रेरित २०:७) । उनी त्यस शहरमा सात दिनसम्म बसे । पावलको कुरा सुन्नको लागि यो विशेष बैठक बसेको होइन । यो आराधनाको सामान्य र परम्परागत दिन हो भनेर संकेत गर्दछ । तिनीहरु पावलको प्रचार मात्र सुन्न होइन, प्रभु भोजको रोटी भाँच्न भेला भएका थिए । उनी शबाथको दिन त्यही थियो । तर हप्ताको पहिलो दिन पावल तिनीहरुसँग आराधना गर्न भेला भएको थियो । पावलले कोरिन्थीका मण्डलीलाई हप्ताको पहिलो दिन भेटी संकलन गर्न आज्ञा दिएको थियो (१ कोरिन्थी १६:२), यसले आराधना गर्ने परम्परागत दिन थियो भनेर फेरि संकेत गर्छ ।

प्रारम्भिक मण्डलीले हप्ताको पहिलो दिन आराधना गर्थे । किनकि मण्डली स्थापनाको परिणाम स्वरुप सबै महत्वपूर्ण कुराहरु पहिलो दिनमै भएको थियो । हप्ताको पहिलो दिनमा येशू मृत्युबाट बौरी उठ्नुभयो । हप्ताको पहिलो दिन महिलाहरु बिहान सबेरै चिहानमा आए (लूका २४:११) । चिहानमा हुँदा, चम्किलो लुगा लगाएका दुई जना मानिसहरुले (लूका २४:४) तिनीहरुलाई येशूको वचनहरु सम्झाए, कि “मानिसको पुत्र पापी मानिसहरुको हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ” (लूका २४:७) । येशूलाई शुक्रबारको दिन क्रूसमा टाँगिएको थियो । यहूदीहरुले दिनको भागलाई पूरै एक दिनको रुपमा गन्ने तरिका अनुसार तेस्रो दिन आइतबार हुनेछ । त्यसै दिन, दुई जना मानिस इम्माउस (लूका २४:१३) भन्ने गाउँमा यात्रा गर्दै थिए । येशू तिनीहरुकहाँ देखा पर्नुभयो । तर उहाँ को हुनुहुन्थ्यो भनेर तिनीहरुले बुझेनन् । कुराकानीको क्रममा, यी मानिसहरुले भने, “इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिँ आशा गरेको थियौं । यी सब कुरा छोडेर, यो घटना घटेको आज तेस्रो दिन हो” (लूका २४:२१) । यसरी ख्रीष्टले भविष्यवाणी गर्नुभए अनुसार उहाँ हप्ताको पहिलो दिनमा बौरी उठ्नुहुनेछ भन्ने कुरा विश्वासीहरुलाई थाहा थियो भनी हामी देख्छौं ।

हप्ताको पहिलो दिन येशूले आफ्ना चेलाहरुसँग भेट गर्नुभयो (यूहन्ना २०:१९), तर थोमा त्यो समयमा उपस्थित थिएन । अर्को हप्ताको पहिलो दिन (यूहन्ना २०:२६), येशू फेरि उहाँका चेलाहरुकहाँ देखा पर्नुभयो, यस पटक

थोमा पनि उपस्थित थिए । मण्डली पेन्तिकोसको दिन स्थापना भएको थियो । पेन्तिकोसको दिन सधै हप्ताको पहिलो दिन पर्थ्यो (लेवी २३:१५-१६) । यो दिन पवित्र आत्मा प्रेरितहरुमा आउनुभयो । पहिलो सुसमाचार प्रवचन यशैया २:२-४ अनुसार प्रचार गरिएको थियो । त्यही दिन, ३००० आत्माहरुले बप्तिस्मा लिए । त्यही दिन मण्डली स्थापना भयो (प्रेरित २:४१) । यस बिन्दुबाट, हप्ताको पहिलो दिनमा मण्डलीमै आराधना गर्ने बारे हामीले पढ्न पाउँछौं । प्रारम्भिक मण्डलीका ख्रीष्टियानहरु सबै यहूदीहरु थिए । तिनीहरु सधै शबाथको दिन आराधना गर्थे ।

## प्रचार गर्नु/सिकाउनु

परमेश्वरको वचन अध्ययन गर्नु हाम्रो आराधनाको एउटा महत्वपूर्ण भाग हो । परम्परागत रुपमा, कोही एक जना व्यक्तिले परमेश्वरको वचनलाई वाचन गर्छन् । परमेश्वरको वचनलाई सधै अध्ययन गर्न सक्ने यो मात्र तरीका होइन् । महत्वपूर्ण कुरा यो हो कि मण्डलीलाई आत्मिक रुपमा सुधार्न परमेश्वरको वचन सिकाइएको हो । धेरै खण्डहरुले परमेश्वरको वचनको शिक्षालाई जोड दिन्छ । पावलले मध्यरातसम्म त्रोआसको मण्डलीमा प्रचार गरे (प्रेरित २०:७) । “यसैले तिमीहरुकहाँ तिमोथीलाई पठाउँदैछु । तिनी प्रभुका मेरा प्यारा र विश्वासी छोरा हुन् । मैले सबै ठाउँमा सारा मण्डलीमा सिकाएबमोजिम ख्रीष्टमा मेरो जीवन कस्तो छ, सो तिनले तिमीहरुलाई सम्झना गराउनेछन्” (१ कोरिन्थी ४:१७) । “परमेश्वरको सामने र जिउँदा र मरेकाहरुको इन्साफ गर्न आउनुहुने ख्रीष्ट येशूको सामने, अनि उहाँको आगमन र राज्यलाई ध्यानमा राखेर म तिमीलाई कडा आज्ञा दिन्छु, वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, अर्ती देऊ, हप्काऊ, उत्साह देऊ र धैर्यमा र शिक्षा दिने कुरामा नचुक” (२ तिमोथी ४:१-२) ।

आफ्नो मुक्तिको सुसमाचार फैलाउने तरिकाको रुपमा परमेश्वरले प्रचारलाई रोज्नुभयो ।“संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारको मुर्खताद्धारा नै विश्वास गर्नेहरुलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो” (१ कोरिन्थी १:२१) । पावलले कोरिन्थीहरुका बीचमा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगिनुभएको बाहेक अरु केही नजान्ने दृढ संकल्प गरे (१ कोरिन्थी २:२) । उनले मानव

बुद्धिका प्रेरणादायक शब्दहरुबाट प्रचार गरेनन् (१ कोरिन्थी २:४) । अगमवाणी र अन्य भाषाहरुका वरदानको गलत प्रयोगलाई सच्याउन पावलले १ कोरिन्थी १४ अध्याय लेखिरहेको थियो । यसको उद्देश्य मण्डलीलाई सुधार गर्ने थियो (१ कोरिन्थी १४:४-५) । यो तब मात्र सम्भव हुन्छ, जब कसैले भनेको कुरा मानिसहरुले बुझ्छन् । पद २६ मा सबै चीजहरु सुधारको लागि हुन्छन् भन्ने पावलको निष्कर्षलाई ध्यान दिनुहोस् । केवल परमेश्वरको वचनलाई मात्र बुझेर आत्मिक सुधार गर्न सकिन्छ । त्यसैले हामी आराधना सभामा परमेश्वरको वचन प्रचार वा सिकाइको महत्वलाई देख्न सक्छौं ।

प्रचार गर्ने/शिक्षा दिने कुरा आराधनाको एउटा महत्वपूर्ण भाग हो । प्रचार गर्नु भनेको कुनै मनोरञ्जन वा आफ्नो व्यक्तिगत क्षमता देखाउने कुरा होइन् । प्रवचनमा आराधकले परमेश्वरलाई देख्न र सुन्न सक्षम बनाउँछ । प्रवचन दिने व्यक्तिले आफ्ना श्रोताहरुका लागि परमेश्वरको सन्देश ल्याउनु पर्छ । प्रवचनले मानिसलाई व्यक्तिगत रुपमा वचनलाई आफ्नो जीवनमा लागू गर्न सक्षम बनाउँछ । परमेश्वरलाई हेर्न, आफूले आफुलाई हेर्न र परमेश्वरको वचनको प्रकाशमा हाम्रो सेवाकाईलाई हेर्न प्रवचनले मानिसलाई सहायता गर्छ । प्रचार भनेको कुनै विशेष तालिम लिएको व्यक्तिमा मात्र सीमित हुँदैन् भन्ने कुरा हामीले स्मरण गर्नुपर्छ । बाइबलीय शिक्षा अति आवश्यक र उपयोगी छ । कसैसँग क्षमता छ, र गम्भीर अध्ययन गरेर आफूले आफुलाई तयार गरी प्रचार गर्ने इच्छा गर्नु भएको छ भने, जो कोहीले पनि प्रचार गर्न सक्छन् । उनलाई प्रचार गर्ने अनुमति र मौका दिनुपर्छ, चाहे उ स्वयं आफैले व्यक्तिगत रुपमा सिकेको किन नहोस् । प्रचार गर्ने काम प्रचारक र पादरीहरुमा मात्र सीमित राख्नु हुँदैन् । प्रचार गर्ने काम प्रचारक, पादरीहरु र जान्ने व्यक्तिहरुले मात्र गर्नुपर्छ भन्ने विचार मानिसबाट आएको हो र बाइबलले कहिल्यै त्यस्तो सिकाउँदैन ।

नाम.............................................................भर्ना नम्बर..................

## प्रश्नहरु

(१) यहूदीहरुलाई कुन दिन आराधना गर्न आज्ञा दिइएको थियो?

(२) पुरानो करार कहिले हटाइयो?

(३) येशू मृत्युबाट कुन दिन बौरी उठ्नुभयो?

(४) पुनरुत्थान र उहाँको स्वर्गारोहणको बीचमा येशूले आफ्ना चेलाहरुसँग कुन दिन भेट्नुभयो?

(५) हाम्रो आराधनामा शिक्षकको मुख्य उद्देश्य के हो?

## सही/गलत

(१) पितापुर्खाको युगमा, हरेक परिवारले परमेश्वरलाई आ-आफ्नो बलिदान ल्याएर आराधना गर्थे । सही/गलत

(२) प्रारम्भिक मण्डलीले शबाथको दिन आराधना गर्थे किनभने तिनीहरु प्रायः यहूदी थिए । सही/गलत

(३) पेन्तिकोसको दिन सधै हप्ताको पहिलो दिन पर्थ्यो । सही/गलत

(४) हाम्रो आराधनामा सम्झनु पर्ने एउटा महत्वपूर्ण सिद्धान्त भनेको सबै कुरा आत्मिक सुधारको लागि गर्नुपर्छ । सही/गलत

(५) प्रचार गर्ने कार्य विशेष गरी प्रशिक्षित व्यक्तिहरु र पादरीहरुमा मात्र सीमित हुनुपर्छ । सही/गलत

३

# प्रार्थना भनेको के हो?

परमेश्वरमा गरिने हाम्रो आराधनाको एउटा महत्वपूर्ण भाग प्रार्थना पनि हो । बाइबलले प्रार्थनाको महत्वलाई जोड दिन्छ । प्रार्थनाको सन्दर्भमा केही सामान्य पदहरुलाई ध्यान दिऔं । “तिनीहरु सधैं प्रार्थना गरिरहून् र निराश नहोऊन् भन्ने हेतुले उहाँले तिनीहरुलाई एउटा दृष्टान्त भन्नुभयो” (लूका १८:१) । “आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो” (रोमी १२:१२) । “सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर । यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरुका निम्ति प्रार्थना गरिरहो” (एफिसी ६:१८) ।

## प्रार्थना के हो?

सबैभन्दा पहिलो र महत्वपूर्ण कुरा, हामीले यो याद गर्नुपर्छ कि प्रार्थना एउटा माध्यम हो जसद्धारा हामी परमेश्वरसँग कुरा गर्छौं । परमेश्वरमा पूर्ण भरोसा राखेर प्रार्थना गर्नुपर्दछ । प्रार्थना परमेश्वरमा केन्द्रित गर्नुपर्छ । प्रार्थना इमानदार हृदयबाट आउनुपर्छ । यो जादुगर मन्त्र जस्तै केही शब्दहरु भन्नु मात्र होइन् । यो हाम्रो व्यवहारको विशेषता पनि हुनुपर्छ । हामीले निरन्तर प्रार्थना गर्नुपर्छ भनी पावलले १ थेसलोनिकी ५:१७ मा लेख्दछ । हाम्रो दिमाग र हाम्रो ओठले दिनको २४ औं घण्टा प्रार्थना गर्नुपर्छ भनेर पावलले कहिल्यै भनेको छैनन् । निरन्तर प्रार्थना गर्नुको मतलब यो हो कि परमेश्वरसँग नजिक भएर कुरा गर्नु हो । हाम्रो दिमाग, हृदय, र जीवन यस्तो हुनुपर्छ कि प्रार्थना हाम्रो जीवनको एउटा स्वभाव बन्न सकोस् । हामी चुपचाप बसेर पनि प्रार्थना गरी परमेश्वरबाट मार्गदर्शन, मद्दत, सल्लाह माग्न सक्छौं । प्रारम्भिक मण्डली दृढतापूर्वक प्रार्थनामा लागिरहन्थे (प्रेरित २:४२) ।

प्रार्थना कुनै स्वार्थ र भौतिक कुराहरु प्राप्त गर्नको लागि गरिने जादुगरी सुत्र वा छोटो मार्ग होइन् । परमेश्वरले आफ्ना जनहरुको प्रार्थना सुन्ने प्रतिज्ञा गर्नुभएको छ (मत्ती २१:२२) । सबै कुरा उहाँको इच्छा अनुसार हुन्छन् भन्ने कुरा हामीले याद गर्नुपर्छ । याकूब ४:१-६ मा, याकूबले केही ख्रीष्टियानहरुका बारेमा बताएका छन् जसले परमेश्वरमा प्रार्थनाद्धारा केही चीजहरु मागेका थिए । तर पनि तिनीहरुले पाएनन् । तिनीहरुको प्रार्थनाको सुनवाइ भएनन् किनभने तिनीहरुको प्रार्थना स्वार्थपूर्ण थियो भनी याकूब भन्दछ । ती चीजहरु केवल तिनीहरुले आनन्दमा खर्च गर्न चाहन्छन् । तसर्थ, हामीले प्रार्थनालाई परमेश्वरबाट आएको खाली चेक जस्तो गरी हेर्नु हुँदैन । हामीलाई जे कुराको आवश्यक छ सो मागौं र हामीले प्राप्त गर्नेछौं भनी हामीले सोच्नु हुँदैन् ।

प्रार्थना कुनै आखिरी शर्त होइन् । आखिरी सर्त त्यो हो जब हामी परमेश्वरसँग सम्झौता गर्ने प्रयास गर्छौं । जस्तै "यदि तपाईले मलाई आशिष दिनुहुन्छ भने, म तपाईको सेवाकाई सुरु गर्नेछु ।" परमेश्वरले पहिले नै गरिसक्नुभएको कुराको आधारमा उहाँ हाम्रो सेवाको योग्य हुनुहुन्छ । हामी कुनै न कुनै रुपमा हाम्रो सेवाको केवल प्रतिज्ञाहरु गरेर हामीलाई थप आशिष् दिन परमेश्वरलाई दबाब दिन सक्दैनौं । हामीले प्रार्थनालाई आपतकालिन समयको उपयोगी चीजको रुपमा हेर्छौं । समस्याहरु आउँदा धेरैले तुरुन्तै परमेश्वरमा प्रार्थना गर्दछन् । तर समस्याहरु हटिसकेपछि तिनीहरुले परमेश्वरलाई बिर्सन्छन् र पहिलेको जस्तै जीवन बिताउँछन् ।

## कसले प्रार्थना गर्नुपर्छ?

धेरैजसो मानिसहरुले चाँडै जवाफ दिनेछन् कि सबैले प्रार्थना गर्नुपर्छ, र म निश्चित रुपमा कसैलाई प्रार्थना गर्नबाट निरुत्साहित गर्दिन । हामीले बुझ्नुपर्छ कि प्रार्थना अन्ततः परमेश्वरका सन्तानहरुको लागि सुरक्षित आशिष हो । परमेश्वरको आत्मिक परिवारसँग सम्बन्ध नभएकाहरुका बिन्ती परमेश्वरले सुन्नुहुनेछन् भनी कुनै प्रतिज्ञा गरेको छैन् । "परमप्रभु दुष्टदेखि टाढै रहनुहुन्छ, तर उहाँले धर्मीको प्रार्थना सुन्नुहुन्छ" (हितोपदेश १५:२९) । १ पत्रुस ३:१२ मा पत्रुसले भजन संग्रह ३४ बाट यी शब्दहरु उदघृत गरेका छन्, "किनकि परमेश्वरको नजर धर्मात्माहरुमाथि रहन्छ, र उहाँका कान तिनीहरुका प्रार्थनातिर खुल्ला हुन्छन्, तर परमप्रभुको मुहार खराबी गर्नेहरुका

विरुद्धमा हुन्छ ।" यसमा अरु पदहरु पनि थप्न सकिन्छ । तर याद गर्नुहोस् कि प्रार्थनासँग सम्बन्धित सबै पदहरु परमेश्वरका जनहरु/ख्रीष्टियानहरुलाई लेखिएका हुन् । यसबाहेक, धार्मिक जीवन बिताइरहेका ख्रीष्टियानहरुलाई मात्र प्रार्थना गर्ने सुअवसर हुन्छन् । १ यूहन्ना ३:२२ मा यूहन्ना लेख्दछ, "अनि हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं, किनभने हामी उहाँका आज्ञा पालन गर्छौं, र उहाँलाई मन पर्ने कामहरु गर्छौं ।" ध्यान दिनुहोस् कि परमेश्वरका आज्ञा पालन गर्नेहरुलाई परमेश्वरले तिनीहरुको प्रार्थनाको जवाफ दिनुहुनेछ भनी प्रतिज्ञा गरिएको छ । आज्ञाकारी जीवन बिताउन नसक्नेहरुले त्यस्ता प्रतिज्ञाहरुको आनन्द उठाउन सक्दैनन् भन्ने कुरा बुझ्नुपर्छ ।

एकअर्काको निम्ति प्रार्थना गर्न ख्रीष्टियानहरुलाई आज्ञा दिइएको छ । "यसकारण तिमीहरु एकले अर्कासँग आ–आफ्ना पाप स्वीकार गर । तिमीहरु निको हुनलाई एउटाले अर्काको निमित प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ" (याकूब ५:१६) । यो वचन ख्रीष्टियानहरुलाई लेखिएको हो । धर्मी मानिसहरुका प्रार्थना शक्तिशाली हुन्छन्, प्रचारक वा पादरीहरुका मात्र होइनन् ।

कहिँ पनि पूजाहारीहरुलाई स्वीकार गर्न नयाँ नियममा आज्ञा गरिएको छैन । एक जना प्रचारकको प्रार्थना अरु कसैको भन्दा धेरै शक्तिशाली वा प्रभावकारी हुन्छन् भनी कहिँ पनि उल्लेख गरेको छैन् । व्यक्तिको जीवन महत्वपूर्ण कुरा हो, उ कुन पदमा छ भन्ने कुरा महत्वपूर्ण होइन् । प्रार्थना आज्ञाकारिताको प्रतिस्थापन होइन् । त्यहाँ त्यस्तो समय पनि छन् जहाँ परमेश्वरले वास्तवमा कसैलाई प्रार्थना पनि नगर भन्नुभयो (जस्तै, प्रस्थान १४:१५; प्रेरित २२:१६) ।

१ तिमोथी २:८ मा पावल लेख्दछ, "यसकारण सबै ठाँउमा पुरुषहरुले पवित्र हात उठाएर विनाक्रोध र विनाविवाद प्रार्थना गरुन् भन्ने म चाहन्छु ।" यस खण्डमा पुरुषहरुको लागि ग्रीक शब्दले पुरुषहरुलाई मात्र बुझाउँछ । त्यहाँ सामान्य रुपमा महिला वा मानव जातिको लागि प्रयोग गरिएका अन्य सर्तहरु छन् । मानिसहरुले प्रायः प्रार्थनामा हात उठाउने बारे सोध्छन् । हात उचालेर प्रार्थना गर्दा केही गलत हुँदैन; त्यसो सट्टा पावलले हाम्रो जीवनको पवित्रतालाई जोड दिइरहेका छन् । प्रार्थना गर्ने पुरुषहरु पवित्र भएर आज्ञाकारी जीवन बिताउनुपर्छ ।

## हामीले केको लागि प्रार्थना गर्नुपर्छ?

हाम्रो प्रार्थनामा धेरै कुराहरु समावेश हुनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, हामी परमेश्वरको प्रशंसा गर्छौं । केवल परमेश्वरमात्र प्रशंसा योग्य हुनुहुन्छ । यससँग जोडिएका उहाँको भौतिक र विशेष गरी आत्मिक आशिषाको लागि हाम्रो धन्यवाद हो । "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरुका बिन्ति परमेश्वरमा जाहेर होउन, र समझले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरुका हृदय र तिमीहरुका मनलाई येशूमा रक्षा गर्नेछ" (फिलिप्पी ४:६,७) । "सर्तक भएर धन्यवादसहित स्थिर भई प्रार्थनामा लागिरहो" (कलस्सी ४:२) । ध्यान दिनुहोस् कि पावलले हाम्रो प्रार्थनामा व्यक्तिगत अनुरोधहरु पनि समावेश गर्दछ । परमेश्वरसँग व्यक्तिगत आशिष् माग्नु स्वार्थ वा पापपूर्ण होइन् । हामीले मार्गदर्शन र बुद्धिको लागि पनि परमेश्वरसँग माग्नुपर्छ (याकूब १:५) । हामीले अरुको लागि प्रार्थना गर्नुपर्छ, जस्तै गरिब, बिरामी, राजाहरु, अन्य ख्रीष्टियानहरु, आदि (याकूब ५:१६) । हाम्रो प्रार्थनाको एउटा विशेष महत्वपूर्ण भाग भनेको हाम्रो विश्वास र हाम्रा पापको स्वीकार हो । १ यूहन्ना १:८ ले भन्दछ कि यदि हामीले हाम्रा पापहरु स्वीकार गर्छौं भने परमेश्वरले क्षमा गर्नुहुन्छ । निश्चय नै स्वीकारसँग जोडिएको पश्चात्ताप र क्षमाको लागि अनुरोध हुनेछ । परमेश्वर विश्वासयोग्य र भरपर्दो हुनुहुन्छ । परमेश्वरले हामीलाई क्षमा गर्ने प्रतिज्ञा गर्नुभएको छ । उहाँले प्रतिज्ञा गर्नुभएको सबै कुरा पूरा हुनेछ भन्ने कुरामा हामी परमेश्वरमा भरोसा गर्छौं । हामीले अरुलाई क्षमा गर्दैनौं भने परमेश्वरले हामीलाई क्षमा गर्नुहुनेछैन् भन्ने कुरा हामीले सम्झनुपर्छ (मर्कूस ११:२६) ।

## हामीले कसरी प्रार्थना गर्नुपर्छ?

प्रार्थनाको सबैभन्दा महत्वपूर्ण बिषय भनेको हाम्रो स्वभाव हो । हाम्रा प्रार्थनाहरु परमेश्वरमा दृढ विश्वास र निष्कपट हृदयबाट उत्पन्न हुनुपर्दछ । "यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरुको हृदय मबाट टाढा छ" (मत्ती १५:८) । निष्कपट हृदयमा सम्लग्न हुनु भनेको नम्रता र सही मनसायले प्रार्थना गर्नु हो । प्रार्थना लामो हुनुपर्छ भन्न खोजेको होइन् । मत्ती ६:५-८ मा येशूले अन्यजातिहरुलाई तिनीहरुको व्यर्थ पुनरावृतिको

लागि निन्दा गर्नुभयो । एउटै कुरा बारम्बार भनिरहँदा हाम्रो प्रार्थना त्यति प्रभावकारी हुँदैन । विश्वासका महापुरुषहरुले गरिएका प्रार्थनाहरु धेरै छोटो छन् । हामीले परमेश्वरलाई श्रद्धापूर्वक प्रार्थना गर्नुपर्छ । परमेश्वर परमेश्वर नै हुनुहुन्छ र हामी केवल मानिस हौं भन्ने कुरा याद गर्नुपर्छ । "बोल्नमा हतार नगर, परमेश्वरको अगि केही कुरा बोल्न तिम्रो मनमा आतुरी नगर । परमेश्वर स्वर्गमा हुनुहुन्छ, तिमी संसारमा छौं । यसैकारण तिम्रो वचन थोरै होस्" (उपदेशक ५:२) ।

हाम्रो मध्यस्थकर्ताको रुपमा येशूको नाममा हामीले परमेश्वरलाई प्रार्थना गर्नुपर्छ । पावल लेख्दछ, "किनकि परमेश्वर हुनुहुन्छ, परमेश्वर र मानिसहरुका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ- मानिस, ख्रीष्ट येशू" (१ तिमोथी २:५) । मध्यस्थकर्ता त्यो व्यक्ति हो जो दुई पक्ष बीच भएर जान्छ, यो अवस्थामा परमेश्वर र मानिस दुई पक्ष हुन् । राम्रो मध्यस्थकर्त्तालाई दुवै पक्षको अवस्था थाहा हुन्छ । त्यसैले, येशू भन्दा राम्रो मध्यस्थकर्त्ता अरु कोही हुन सक्दैन । उहाँले परमेश्वरलाई चिन्नुहुन्छ, किनकि उहाँ परमेश्वर हुनुहुन्छ । उहाँले मानिसलाई चिन्नुहुन्छ, किनकि उहाँ मानिसको रुप लिएर शरीरमा आउनुभयो (फिलिप्पी २:५-११) । परमेश्वरमा प्रार्थना गर्न पवित्र आत्माको पनि भूमिका छ भन्ने कुरामा पावलले हामीलाई विश्वस्त पार्दछ । "त्यसै गरी पवित्र आत्माले पनि हाम्रो दुर्बलतामा सहायता गर्नुहुन्छ । कसरी प्रार्थना गर्नुपर्ने हो हामी जान्दैनौं, तर शब्दहरुमा व्यक्त गर्न नसकिने सुस्केरामा पवित्र आत्माले हाम्रा निम्ति मध्यस्थता गर्नुहुन्छ । र मानिसहरुका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुपर्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरुका निमित मध्यस्थता गर्नुहुन्छ" (रोमी ८:२६-२७) । परमेश्वरलाई मात्र थाहा भएका यी विलापहरु कुनै प्रकारको आत्मिक भाषा होइनन्; बरु ती आत्माको विलाप हुन्, मानिसको होइन । आत्माले गर्नु भएका सबै कुरा हामीले नबुझ्ने भए तापनि आत्मा र ख्रीष्टले हाम्रा बिन्तीहरु लिनुहुन्छ र उहाँको इच्छाबमोजिम परमेश्वरको सामु प्रस्तुत गर्नुहुन्छ भन्ने कुरामा हामी विश्वस्त हुन सक्छौं । यो हाम्रो लागि ठूलो प्रोत्साहन हो ।

प्रार्थनाको जवाफ पाउन हामीले जे गर्न सक्छौं त्यही गर्नुपर्छ भन्ने पनि बुझाउँछ । केही नगरी अरुलाई मद्दत गर्न सजिलो पार्ने तरिका प्रार्थना

होइन । याकूब २ः१५-१६ मा याकूबले यस्तो स्वभाव विरुद्ध चेतावनी दिएका छन्ः "यदि कोही भाइ वा बहिनीले झुत्रे-झाम्रे लुगा लगाएको छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, र तिमीहरुमध्ये कसैले त्यसलाई, शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरु चाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र?" अर्को शब्दमा भन्नुपर्दा कसैको निम्ति प्रार्थना मात्र गर्नु राम्रो होइन्; हामीले खाँचोमा परेकाहरुलाई सहायता दिनुपर्छ । परमेश्वरले आफ्ना जनहरुको प्रार्थनाको जवाफ दिनुहुन्छ । यसकारण, हामी वास्तवमा केही नगरी कसैको लागि प्रार्थना मात्र गरेर हामीले हाम्रो कर्तव्य पूरा गर्‍यौं भनी सोच्नु हुँदैन् ।

नाम.......................................................भर्ना नम्बर........................

## प्रश्नहरु

(१) प्रार्थना भनेको के हो?

(२) प्रार्थनामा निरन्तर लागिरहो भन्नाले के अर्थ दिन्छ?

(३) हामीले हाम्रा पापहरु कसलाई स्वीकार गर्नुपर्छ?

(४) हाम्रो प्रार्थनामा समावेश गर्नुपर्ने केही कुराहरु के-के हुन्?

(५) आत्माले हाम्रो लागि कसरी मध्यस्थता गर्नुहुन्छ?

## सही/गलत

(१) प्रार्थना केवल परमेश्वरका सन्तानहरुको लागि सुरक्षित आशिष हो ।
सही/गलत

(२) प्रचारक र पूजाहारीका प्रार्थनाहरु शक्तिशाली र अर्थपूर्ण हुन्छन् ।
सही/गलत

(३) आजको आधुनिक संसारमा, जो कोही पनि सार्वजनिक प्रार्थनाको नेतृत्व गर्न सक्षम हुनुपर्दछ । सही/गलत

(४) हामीले येशूको नाममा प्रार्थना गर्नुपर्छ, जो हाम्रो मध्यस्थ हुनुहुन्छ ।
सही/गलत

(५) गरिबहरुका लागि प्रार्थना गरिसकेपछि तिनीहरुलाई मद्दत गर्न कुनै पनि व्यक्तिगत प्रयास गर्दा परमेश्वरमा गरेको विश्वास र प्रार्थनाको शक्तिका कमीलाई चित्रण गर्दछ । सही/गलत

४

# प्रभु भोज

खीष्टियानको लागि आराधनाको एउटा महत्वपूर्ण भाग प्रभु भोज पनि हो । प्रभु भोज बारे हामीलाई निर्देशन दिने मुख्य पदहरु मत्ती २६:२६-२९; लूका २२:१४-२० र १ कोरिन्थी ११:२३-३४ हुन् । प्रभु भोजको बारेमा धेरै विचारहरु छन् । (१) यो एउटा धन्यवाद हो । येशूले प्रभु भोज स्थापना गर्नुहुँदा उहाँले धन्यवाद दिनुभयो । खीष्टको महान बलिदानको लागि हामी कृतज्ञ हुनुपर्छ । (२) यो एउटा सम्झना हो । यो सम्झनाले हाम्रो दिमागलाई विगतको कुनै कार्यमा फर्काएर लैजाने काम गर्दछ, र सङ्गतिले हाम्रो दिमागलाई येशूको क्रूसमा लिएर जान्छ । १ कोरिन्थी ११:२५ मा, हामीलाई येशूको सम्झनामा प्रभु भोज लिनु भनिएको छ । (३) हामी प्रभुको मृत्युलाई घोषणा गर्छौं । "किनभने जहिले-जहिले तिमीहरु यो रोटी खान्छौं र यस कचौराबाट पिउँछौं, उहाँ नआउञ्जेल तिमीहरु प्रभुका मृत्युको घोषणा गर्दछौ" (१ कोरिन्थी ११:२६) । यसरी, प्रभुभोज केही हदसम्म येशूको मृत्यु प्रचार गर्ने तरिका हो । अरुले हामीलाई प्रभुको भोजमा भाग लिइरहेको देख्दा हामी हाम्रा कार्यहरुद्वारा हाम्रो लागि आफ्नो रगत बगाउनुहुने येशूको महान बलिदानमा हाम्रो विश्वासको घोषणा गर्दछौं । (४) एक अर्कासँग हाम्रो सङ्गति हुन्छ । १ कोरिन्थी १०:१६-१७ लाई ध्यान दिनुहोस् । "जुन आशिष्का कचौराको निम्ति हामी आशिष् माग्छौं, के त्यो खीष्टको रगतमा हुने सहभागिता होइन र? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो खीष्टको शरीरमा हुने सहभागिता होइन र? रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं ।" सहभागिता शब्दको अर्थ सङ्गति हो । यस सन्दर्भमा, पावल भन्दछ कि मूर्तिहरुको मन्दिरमा खान खाँदा भूतहरुसँगको सम्बन्ध स्थापित हुन्छ । त्यसरी नै, प्रभुको भोज खाँदा हामी येशू र एक अर्कासँग सङ्गति हुन्छ । खीष्टप्रतिको हाम्रो पारस्परिक निष्ठा मार्फत हामी एकतालाई चिन्न जोड दिन्छौं ।

## प्रभु भोजको सामग्री र अर्थ

प्रभु भोजको सामग्री धेरै सरल छन् । मानिसले ग्रेनाइट, सुन जस्ता लामो समयसम्म चल्ने सामग्रीहरुबाट आफ्नो स्मारक बनाउन चाहन्छ । तापनि परमेश्वरले रोटी र अंगुरको रस जस्ता नाश हुने सामग्रीबाट आफ्नो सम्झना स्थापना गर्नुभयो । यो हाम्रो हृदय हो जसले सामग्रीहरुलाई अर्थ दिन्छ । येशूले अखमिरी रोटी प्रयोग गर्नुभयो (लूका २२:१, ८-९) । यहूदीहरुलाई तिनीहरुको निस्तार चाडमा अखमिरी रोटी प्रयोग गर्न आज्ञा दिइएको थियो । यसकारण येशूले त्यो परिचित वस्तु लिनुभयो र त्यसलाई नयाँ अर्थ दिनुभयो । यसले अब येशूको भौतिक शरीरलाई प्रतिनिधित्व गर्दछ, जुन हाम्रो लागि क्रूसमा बलिदान गरिएको थियो । येशूले दाखको बोटको फल पनि लिनुभयो (मत्ती २६:२९), जुन अंगूरको रस थियो । उहाँले भन्नुभयो कि यसले अब उहाँको रगतलाई प्रतिनिधित्व गर्दछ जुन क्रूसमा छिट्टै बगाइनेछ ।

मत्ती २६ अध्यायमा "यो मेरो शरीर हो" भनी येशूले रोटीको सन्दर्भमा भन्नुभयो (मत्ती २६:२६) । दाखको फलको सन्दर्भमा उहाँले भन्नुभयो, "यो नयाँ करारको मेरो रगत हो, जो धेरैको निम्ति पापको प्रायश्चितको लागि बहाइन्छ" (मत्ती २६:२८) । यी शब्दहरुको आधारमा, कोही-कोहीले रोटी र अंगुरको रसलाई प्रार्थना गर्दा तिनीहरु शाब्दिक रुपमा येशूको शरीर र रगतमा परिणत हुन्छन् भनी सोच्ने गर्दछन् । तिनीहरु उस्तै देखिन्छन्, स्वाद पनि उस्तै छन्, पहिलेको जस्तै भौतिक गुणहरु हुन्, तर अब तिनीहरु अर्थमा उस्तै छैनन् । यो खण्डको अर्थ त्यो होइन् । येशूले केवल यो मात्र भन्नु भएको थियो कि तिनीहरु उहाँको शरीर र रगतको प्रतीक हुन् । यूहन्ना १०:९ मा येशूले भन्नुभयो, "म ढोका हुँ ।" येशूले उहाँ शाब्दिक ढोका हुँ भनि राख्नुभएको छैनन् । उहाँ आत्मिक रुपमा स्वर्गको ढोका हुनुहुन्छ । उहाँ "असल गोठालो" हुनुहुन्छ भनी केवल दुई पद पछि भन्नुभयो । येशू साँच्चिकै भेडाहरुका गोठालो हुनुहुन्थिएन् र कहिल्यै हुनुभएन । तर उहाँ आत्मिक रुपमा हाम्रो आत्माको मुख्य गोठालो हुनुहुन्छ (१ पत्रुस ५:१४) । येशू ढोका वा गोठालो जस्तै हुनुहुन्छ । प्रभु भोजको साधारण सामग्रीले हामीलाई येशूको शरीर र रगतको प्रतिनिधिको रुपमा सम्झना गराउन लगाउँछ ।

१ कोरिन्थी ११:२४-२५ मा, पावलले कोरिन्थीहरुलाई येशूले आफ्ना चेलाहरुसँग प्रभुभोज स्थापना गर्दा बोल्नु भएका शब्दहरुको सम्झना गराए । येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, “यो मेरो सम्झनामा अक्सर गर ।” येशूले प्रभुभोज स्थापना गर्नुभएको हुनाले यो महत्वपूर्ण छ । यो मण्डलीको निम्ति केवल आदेश मात्र नभई, धेरै वर्ष पछि पनि ख्रीष्टियानहरुलाई ख्रीष्टको बलिदानको सम्झना रहोस् भनेर स्थापना गरेको थियो । यो ख्रीष्ट आफैले दिनुभएको आज्ञा थियो । मण्डली सुरुवाट भएदेखि नै ख्रीष्टियानहरुले यसलाई अवलोकन गर्दै आएका छन् । ख्रीष्टको बलिदानको सम्झना गर्न हामी प्रभु भोजमा सहभागी हुन्छौं । यद्यपि, हामीले प्रभुभोजलाई शोकको रुपमा हेर्नु हुँदैन् । यो पक्कै गम्भीर छ । यद्यपि, १ कोरिन्थी १०:१६ मा, यसलाई “आशिषको कचौरा” भनिएको छ । हाम्रो लागि येशूको मृत्यु ठूलो दु:खदको कुरा होइन् । यो सबैभन्दा ठूलो उपहार हो । हामीले प्राप्त गरेको यो सबैभन्दा ठूलो आशिष हो ।

## कहिले हामी प्रभुभोजमा सहभागी हुन्छौं?

मण्डलीहरुले प्रभु भोज विभिन्न समयमा लिने गर्दछन् । कसैले महिनामा एक पटक, कसैले चौथाईमा वा कसैले विशेष अवसरहरुमा मात्र लिने गर्दछन् । कुनै मण्डलीहरुले हरेक हप्ता यसमा भाग लिन्छन् । यसलाई कति पटक लिने भनेर बाइबलमा कुनै विशिष्ट आज्ञा उल्लेख गरेको छैनन् भनी प्राय: मानिसहरुले भन्नेछन् । यो साँचो हो कि हामी प्रभु भोजमा कति पटक सहभागिता हुनुपर्छ भनी कुनै निर्दिष्ट आज्ञा दिएको छैन । यदि त्यहाँ अपेक्षित समय छैन भने, कसैले जीवनकालमा यो एक पटक मात्र गर्छ भने पनि, त्यो अरु कसैले गरेको जस्तै धर्मशास्त्रीय हुन जान्छ ।

भेला हुनुको एउटा मुख्य कारण भनेको प्रभु भोजमा भाग लिनु वा “रोटी भाँच्नु” पनि हो भनी प्रारम्भिक मण्डलीको उदाहरणले देखाउँछ । हामी प्रेरित २०:७ मा पढ्छौं कि “हप्ताको पहिलो दिनमा जब हामी रोटी भाँच्नलाई जम्मा भयौं, तब पावलले चाहिँ भोलिपल्ट जाने इच्छा गरेका हुनाले तिनीहरुसँग मध्यरातसम्म बातचीत गरिरहे ।” पावलको प्रचार सुन्न मात्र होइन्, रोटी भाँच्न मण्डली एकसाथ भेला भएका थिए, जुन प्रभु भोजमा सम्लग्न हुने अर्को शब्द हो । प्रारम्भिक ख्रीष्टियान लेखहरुबाट पनि

हामी थाहा पाउँछौं कि मण्डलीले हरेक हप्ता प्रभुभोज लिन्थे । १ कोरिन्थी ११:२० मा कोरिन्थीको मण्डली प्रभु भोज लिने उद्देश्यको लागि भेला भएको थियो । आज्ञा गरिएको समय हप्ताको पहिलो दिन थियो (१ कोरिन्थी १६:२) । हामी हरेक हप्ताको पहिलो दिन भेला हुन्छौं, त्यसकारण हामी प्रत्येक हप्ताको पहिलो दिन प्रभु भोजमा सहभागी हुन्छौं ।

प्रभु भोज हप्तै पिच्छे लिदाँ यसको अर्थ हट्छ र यसले एउटा संस्कार मात्र बनाइ रहेको हुन्छ भनी कसै–कसैको तर्क छ । त्यो सम्भावना छ तर आराधनाका सबै पक्षहरुमा एउटै कुरा साँचो हुनेछ, तर हामीले कहिलेकाहीं मात्र आराधना गर्नुपर्छ भनेर कसैले तर्क गर्दैन । पावलले यो समस्यालाई १ कोरिन्थी ११:२८–२९ मा सम्बोधन गरेका छन् । "हरेक मानिसले आफूलाई जाँचोस् र कचौराबाट पिओस् । किनकि प्रभुको शरीरलाई नचिनीकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ ।" यी पदहरुलाई प्राय: गलत बुझिन्छन् । तिनीहरुले गत हप्ता जिएको पवित्र जीवनको महसुसको आधारमा तिनीहरु योग्य छन् वा छैनन् भनेर मानिसहरुले प्रत्येक हप्ता निर्णय गर्छन् । हामी आफैले आफैलाई जाँच्नुपर्छ अर्थात हामीले ख्रीष्टको शरीर र रगतलाई सम्झन्छौं जुन हाम्रो लागि दिइएको छ । यो निकै गम्भीर कुरा हो । हामीले यो बिषयमा सोच विचार नगरी सहभागी भयौं भने, हाम्रो न्याय हुनेछन् भनी पावल भन्दछ । हामीले आशिष मात्र गुमाएका होइनौं; हामीले पाप पनि गरेका हुन्छौं ।

## प्रभुभोजमा को सहभागी हुन सक्छन्?

"के अख्रीष्टियानहरु प्रभु भोजमा सहभागी हुन सक्छन्?" भनी कहिले काहीं प्रश्न सोध्ने गर्दछन् । प्रभुभोज भनेको परमेश्वर र येशूसँगको सम्बन्ध हो भन्ने कुरालाई हामीले याद गर्नुपर्छ । येशूले यो राज्यमा हामीसँगै खाँदै हुनुहुन्छ । राज्य/मण्डली, ख्रीष्टको आत्मिक शरीर हो; तसर्थ, यो ख्रीष्टको राज्यका सदस्यहरुका लागि मात्र दिएको आशिष हो । कोही–कोही भाइहरुले भाग लिन सक्नेहरुलाई सीमित गर्न चाहन्छन्, र तिनीहरुले ख्रीष्टभन्दा बाहिर भएकाहरुलाई भाग लिन अनुमति दिदैनन् । यसले आफैलाई न्यायाधीशको भूमिकामा राख्छ, र अरुलाई न्याय गर्ने अनुमति र

अधिकार हामीसँग छैन । मानिसको मनको अवस्था हामीलाई थाहा हुँदैन् । यो प्रभुको भोज हो, मेरो भोज वा मण्डलीको भोज होइन् । यो एउटा मेलमिलाप हो । यदि कोहि ख्रीष्टसँग सङ्गतिमा छैनन् भने, ऊ पापमा हराएको छ, उसको ख्रीष्टसँग कुनै सम्बन्ध हुँदैन् । थोरै रोटी खाने र अलिकति रस पिउने मात्र हुन्छ । उसको आत्मा राम्रो हुनु वा खराब हुनुसँग कुनै सम्बन्ध छैन किनकि ऊ पहिले नै हराएको अवस्थामा छ । हामी प्रभु भोजमा सहभागी हुँदा हामीले आफूलाई परमेश्वरसँगको हाम्रो सम्बन्ध र हाम्रो मानसिकतामा ध्यान केन्द्रित गर्नुपर्छ र हामी अरुको न्यायकर्त्ता नबनौं ।

नाम.................................................... भर्ना नम्बर...........................

## प्रश्नहरु

(१) प्रभु भोजसँग सम्बन्धित चार मुख्य विचारहरुको बारेमा लेख्नुहोस् ।

(२) प्रभु भोजमा प्रयोग गर्ने दुईवटा वस्तुहरु के-के हुन्?

(३) प्रभु भोज लिदाँ हाम्रो दिमाग कुन कुरामा केन्द्रित हुनुपर्छ?

(४) रोटी र दाखको बोटको फल प्रतीकहरु थिए भनेर देखाउन प्रयोग गरिएको दुईवटा उदाहरणहरु दिनुहोस् ।

(५) प्रारम्भिक मण्डली कहिले प्रभुको भोजमा सहभागी हुन्थे?

# सही/गलत

(१) रोटी र अंगुरको रसलाई प्रार्थना गरिसकेपछि तिनीहरु येशूको शाब्दिक मासु र रगतमा परिणत हुन्छन् । सही/गलत

(२) येशूले यहूदीहरुको निस्तार चाडमा प्रयोग गरेको परिचित तत्वहरु लिनुभयो र तिनीहरुलाई नयाँ अर्थ दिनुभयो । सही/गलत

(३) एकजना व्यक्तिले आफैलाई जाँच्नुको अर्थ उसले निर्णय गर्छ कि उ विगत हप्तामा कति पवित्र थियो । सही/गलत

(४) प्रभु भोज केवल ख्रीष्टियानहरुका लागि दिएको कुरा हो । केवल विश्वासी ख्रीष्टियानहरु मात्र प्रभु भोजमा सहभागी भएको होस् भन्ने कुरामा मण्डलीका अगुवाहरु सचेत हुनुपर्दछ । सही/गलत

(५) प्रेरित २०:७ मा ट्रोआसको मण्डली मुख्यतया पावलको प्रचार सुन्नको लागि मात्र भेला भएको थियो । सही/गलत

# ५

# भजन गाउँदै

आराधनाका सबै कार्यहरु ख्रीष्टियानहरुका लागि आनन्ददायक हुन्छन् । भजन गायनबाट मानिसहरुलाई बढी आनन्दित बनाउँछन । प्रायजसो मानिसहरु कि त आफूलाई थाहा भएका भजनहरु गाउँछन् या त चुपचाप आफ्नो मनमा गुनगुनाउँछन् । भजन गाउनु ख्रीष्टियान आराधनाको एउटा महत्वपूर्ण भाग हो, यद्यपि यो सबैभन्दा विवादास्पद पनि छ । आफ्नो मन खोल्नुहोस्, र केवल बाइबल मार्फत परमेश्वरलाई तपाईसँग कुरा गर्न दिनुहोस् । गाउने सम्बन्धमा नयाँ नियमका दुई उत्कृष्ट पदहरु एफिसी ५:१९ र कलस्सी ३:१६-१७ हुन् । तिनीहरु एकअर्कामा धेरै समान छन् । "एउटाले अर्कासँग भजन, गीत, आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै" (एफिसी ५:१९) । "ख्रीष्टको वचन तिमीहरुमा प्रशस्ततासँग वास गरोस् । पूरा बुद्धिमानीसाथ एउटाले अर्कालाई सिकाओ र अर्ती देओ, र परमेश्वरप्रति आफ्नो हृदयमा रहेका कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ, कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१६,१७) ।

## भजन गाउनुको उद्देश्यहरु

<u>भजन गीतबाट पनि सिकाउन सकिन्छ ।</u> यो राम्रो तरिका पनि हो । हामीले गाउने भजन गीतका शब्दहरुले एक अर्कालाई सिकाउँदछ । केवल शब्दले मात्र सिकाउँछ । हामीले शब्दहरु स्पष्ट रुपमा बुझ्नुपर्छ र तिनीहरुले धर्मशास्त्रीय पाठ सिकाउँछन् भनी सुनिश्चित हुर्नुपर्छ । झुटो सिद्धान्त गुनगुनाउनु जति गलत हो, त्यो सिकाउनु पनि त्यति नै गलत हो । यदि हामी

शिक्षाहरुलाई संगीतमा राख्न सक्यौ भनें सामान्यतया सिद्धान्तहरु सम्झन सजिलो हुन्छन् । बच्चाहरुलाई गीतहरुका माध्यमबाट राम्रोसँग सिकाउन सकिन्छ । तिनीहरुले सजिलै सिक्न सक्छन्, र यो रमाइलो पनि छ । तसर्थ, गायन एउटा सिकाउने राम्रो माध्यम हो । यो विचारले लयलाई माध्यम बनाउँछ, किनकि केवल शब्दहरुले मात्र सिकाउँछ र सुधार गर्दछ । हामीलाई मनपर्ने वा राम्रो लाग्ने गीत मात्र होइन्, हामीले आत्मिक गीत पनि गाउनु पर्छ । मानिसहरुले प्रायः भजन, गीत र आत्मिकी गान बीचको भिन्नता बारेमा सोध्छन् । निश्चित रुपमा भिन्नता निर्धारण गर्न गाह्रो छ । यी शब्दहरु प्रायः एकान्तर रुपमा प्रयोग गरिन्छ; तसर्थ, विभिन्न प्रकारका गीतहरु छुट्याउन कुनै प्रयास गर्नुपर्दैन् ।

हामी एकले अर्कालाई सिकाउँछौं । यसले हाम्रो आराधनाको पारस्परिक पक्षलाई जोड दिन्छ । महत्वपूर्ण धर्मशास्त्रीय सिद्धान्तलाई जोड दिन थोरै कुराहरुले भन्दा व्यक्तिलाई गीतहरुले प्रोत्साहन दिन सक्छ । हामी एकले अर्कालाई भजनबाट सिकाउँछौं । केही व्यक्ति वा अन्य समुहहरुले गाएर अरुले सुन्नुको सट्टा सम्पूर्ण मण्डलीलाई गायनमा संलग्न हुन जोड दिनुपर्छ । भजन गाउने मात्र एउटा यस्तो कार्य हो जसमा सम्पूर्ण मण्डली सुमधुर स्वरमा सहभागी हुन सक्छन् ।

<u>भजन गाउनु एउटा आत्मिक बलिदान हो ।</u> "यसकारण परमेश्वरलाई येशूद्धारा प्रशंसाको बलि निरन्तर चढाऔं । यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो" (हिब्रू १३:१५) । यो पदले पुरानो नियमको बलिदान प्रणालीलाई जनाउँछ । यसले घोषणा गर्दछ कि भजन गाउनु पुरानो नियममा प्रदान गरिएको भौतिक बलिदानहरुको हाम्रो आत्मिक समकक्ष हो । हाम्रा गीतहरुमा हामी उहाँका अचम्मका कामहरुका लागि परमेश्वरको प्रशंसा गर्छौं र साथै ती महान आशिषहरुका लागि धन्यवाद दिन्छौं । तसर्थ, हाम्रो गीतमा हामी परमेश्वरसँग संवाद गरिरहेका हुन्छौं भनी फेरि एकपटक सम्झनुपर्छ । गायनमा हाम्रो सम्पूर्ण अस्तित्व सम्लग्न हुन्छः आत्मा, मन, हृदय र ओठ । एफिसी ५:१९ ले हामीलाई हाम्रो हृदयको धुन निकाल्न आदेश दिन्छ । हामीले गाउँदा, हाम्रो दिमाग र हृदय गीतको सन्देशसँग मेल खानुपर्छ । अन्यथा, हाम्रो गायन एउटा खाली संस्कार बाहेक केहि हुँदैन । व्यर्थ कर्मकाण्डमा परमेश्वर कहिल्यै खुशी हुनुहुन्न् ।

गायनले मण्डलीको एकतालाई जोड दिन्छ । रोमी १५:६ मा, पावलले रोमी ख्रीष्टियानहरुलाई "एउटै मन र एउटै मुखले" परमेश्वरको महिमा गर्न आग्रह गर्छन् । नयाँ नियमका धेरै खण्डहरुले मण्डलीको एकतालाई जोड दिन्छ । तर गायन भनेको एक अर्कासँगको घनिष्ठ सम्बन्ध विकास गर्ने एउटा माध्यम हो । अझ महत्वपूर्ण कुरा, हाम्रो आत्मिक परिवारबीच एकता पाउन सकिएन भने परमेश्वरको आराधनामा ठूलो असर पर्छ । एकताबद्ध ख्रीष्टियानहरुका एउटै मुखबाट आएका गीतहरु एकैसाथ गाँउदा त्यसबाट उत्साहित हुन्छन् ।

## परमेश्वरले कसरी अधिकार दिनुहुन्छ?

हाम्रो आराधनाको लागि हामीले कसरी अधिकार प्राप्त गर्छौं भन्ने बिषयमा धेरैको फरक अवधारणा छन् । त्यहाँ दुई प्रकारका आज्ञाहरु छन्: सामान्य आदेशहरु वा विशिष्ट आदेशहरु हुन् । सामान्य आदेश एउटा साधारण कथन हो जुन कार्य सम्पादनलाई यो कसरी गर्ने भनेर निर्दिष्ट नगरी अधिकार दिन्छ । अर्कोतर्फ, एउटा विशिष्ट आदेशले कार्य कसरी गर्नुपर्छ भनेर ठ्याक्कै निर्दिष्ट गर्दछ । केही सामान्य उदाहरणहरु याद गर्नुहोस् । सारा संसारमा गएर सुमाचार प्रचार गर्न येशूले हामीलाई आदेश दिनुहुन्छ, जुन सामान्य आज्ञा हो । कसरी जाने र कसरी सिकाउने भन्ने कुनै विशेष विधिहरु उल्लेख गरिएका छैनन् । नोआलाई गोपेर काठको जहाज बनाउन आज्ञा गरेको थियो । काठको प्रकार एउटा विशेष आज्ञा थियो, यसले उनलाई अन्य कुनै प्रकारको काठ प्रयोग गर्न निषेध गरिएको थियो । संगीत एउटा सामान्य शब्द हो जसमा सबै प्रकारका संगीत समावेश हुन्छन् । यदि परमेश्वरले केवल संगीत भन्नुभएको थियो भने, ख्रीष्टियानहरुले कुनै पनि प्रकारको संगीत प्रयोग गर्ने विकल्प हुन्थ्यो । यद्यपि, परमेश्वरले गायनलाई निर्दिष्ट गर्नुभयो, जसले स्वचालित रुपमा अन्य सबै प्रकारको संगीतलाई बहिष्कृत गर्दछ । यसरी, बाद्ययन्त्रहरु बहिष्कृत छन्, यद्यपि परमेश्वरले हामीलाई उपकरण प्रयोग नगर्नू भनेर विशेष रुपमा कहिल्यै भन्नुभएनन् ।

## इतिहासमा बाद्ययन्त्र

धेरैजसो धार्मिक समुहहरुले आफ्नो भजन गानमा वाद्ययन्त्रहरु प्रयोग

गर्छन् । यो यति सामान्य भएको छ कि कसैले यो सही हो कि भनेर प्रश्न पनि गर्दछ । तर, सधै त्यस्तो भएको छैन् । पछिल्ला दुई शताब्दीहरुमा मात्र उपकरणको प्रयोग व्यापक र निर्विवाद भएको छ । नयाँ नियममा हामीलाई आराधनामा गाओ भनिएको छ । किनकि आराधनामा संगीत वाद्ययन्त्रको कुनै उल्लेख गरेको छैन् । संगीत दुई प्रकारका हुन्छन्ः स्वर संगीत र वाद्य संगीत । आराधनामा आत्मिक कुराहरुलाई जोड दिन्छन्, जबकि वाद्य संगीतको जोड अस्थायी छ । हृदयबाट बजाउन पावलले निर्दिष्ट आदेश गरेको छ ।

कलस्सी ३ः१७ ले मानिसलाई येशूको नाममा, अर्थात येशूको अधिकारद्धारा सबै काम गर्न आज्ञा दिएको छ । कुनै अधिकार नभएको वाद्ययन्त्र थप्दा हामी कसरी येशूको अधिकारद्धारा गाउन सक्छौं? धर्मशास्त्र पूर्ण रुपमा बाद्य उपकरणको विषयमा मौन छ । यसकारण धेरैले दावी गर्छन् कि बाद्य साधनलाई प्रयोग गर्नेबारे निन्दा गरिएको छैन । तिनीहरु भन्दछन् कि यो प्रयोग गर्न पूर्ण रुपमा स्वीकार्य छ । यद्यपि, मौनताले प्राधिकरण गठन गर्दैनन् । हामी हिब्रूको पुस्तकमा यसका दुइवटा उदाहरणहरु देख्छौं । हिब्रू १ः४-५ मा लेखकले स्वर्गदूतहरुमाथि ख्रीष्टको सर्वोच्चता स्थापित गर्न खोजिरहेको छ । त्यसो गर्नको लागि, उनले सोध्छ कि कुन स्वर्गदूतहरुलाई परमेश्वरले भन्नुभयो, “तिमी मेरो पुत्र हौं ।” अवश्य पनि, जवाफ कुनै पनि छैन । त्यसकारण ख्रीष्ट स्वर्गदूतभन्दा उच्च हुनुहुन्छ । हिब्रू ७ः१३-१४ मा लेखकले नयाँ पूजाहारीको आवश्यकतालाई पुष्टि गर्न खोजिरहेको छ । येशू प्रधान पूजाहारी हुनको लागि नयाँ व्यवस्था अस्तित्वमा आउनैपर्थ्यो किनभने पुरानो व्यवस्थाले यहूदाको कुलबाट आएका पूजाहारीको बारेमा केही भनेनन् । बरु, सबै पूजाहारीहरु लेवी कुलबाट आउने छन् भनी व्यवस्थाले निदिष्ट गरेको छ । लेवी कूल निर्दिष्ट गरिएको हुनाले, यसले स्वचालित रुपमा अन्य सबै कूलहरुलाई शासन गर्छ । यसरी, ख्रीष्ट मोशाको व्यवस्था अनुसार पूजाहारी हुन सक्नुभएन् । किनभने उहाँ लेवी कुलबाट जन्मनु भएको थिएन् । त्यसै गरी, गायन विशेष रुपमा अधिकृत भएकोले, अन्य सबै प्रकारका संगीतलाई अस्वीकार गरिन्छ । अर्को शब्दमा, हामीसँग बाद्य साधनको लागि कुनै अधिकार छैन । ख्रीष्टियान धर्मको इतिहासमा, बाद्य साधन प्रयोगको लगातार विरोध भएको छ । मण्डलीका पितापूर्खाहरुले तिनीहरुको आराधनामा बाद्य साधन थप्दा निरन्तर प्रतिरोध

गरेका थिए । लामो समयसम्म कुनै पनि मण्डलीहरुले वाद्य साधनहरु प्रयोग गरेनन् । पहिलो वाद्यसाधन पहिलो पटक ७ औं शताब्दीको अन्तमा प्रस्तुत गरिएको थियो । यहूदीहरुले आफ्नो मन्दिरको आराधनामा बाद्य साधनहरु प्रयोग गर्थे । ग्रीकहरुले तिनीहरुका मूर्ति पूजामा प्रयोग गर्थे । तसर्थ, प्रारम्भिक ख्रीष्टियानहरु निश्चित रुपमा उपकरणसँग परिचित र सहज हुने थिए । यद्यपि यो व्यवहारिक रुपमा सबैले स्वीकार गरेका छन् कि प्रारम्भिक मण्डलीले उनीहरुका धार्मिक आराधनामा कुनै उपकरणहरु प्रयोग गरेनन् ।

अधिकांश आधुनिक सम्प्रदायका संस्थापकहरुले पनि वाद्यसंगीत प्रयोगको विरोध गरेका थिए । केही उद्धरणहरुलाई ध्यान दिनुहोस्ः-

- मार्टिन लुथर (लुथरन चर्चको संस्थापक)ः "परमेश्वरको आराधनमा वाद्यसाधन बाल देवताको चिन्ह हो ।"
- जोन क्याल्भिन (प्रेसबिटरियन चर्चको संस्थापक)ः "यो धूप बाल्नु, सामदानमा बत्ती बाल्नु वा व्यवस्थाका अरु छायाहरुको पुनरुत्थान गर्नु भन्दा फरक छैन् । रोमन क्याथोलिकहरुले यसलाई यहूदीहरुबाट उधारो लिएका थिए ।"
- जोन वेस्ली (मेथोडिस्ट चर्चको संस्थापक)ः "मलाई हाम्रो सेवाघरहरुमा वाद्यसाधनप्रति कुनै आपत्ति छैन न यो सुनिएको थियो न त देखिएको थियो ।"

नयाँ नियमको मण्डलीलाई पुनर्स्थापना गर्नु हाम्रो उद्देश्य हो । आराधनामा कहिल्यै वाद्ययन्त्रको प्रयोग गरेको छैन र मण्डलीले यसको विरोध गर्दछ । यसकारण, यदि कोही नयाँ नियमको ख्रीष्टियान बन्न खोज्दै हुनुहुन्छ भने, उसले वाद्यसंगीत विनाको आराधना गर्नेछ ।

नाम........................................................................भर्ना नम्बर.................

## प्रश्नहरु

(१) भजन गाउनुको मुख्य उद्देश्य के हो?

(२) गाउनु भनेको.................................................................बलिदान हो ।

(३) दुई प्रकारका आज्ञाहरु के-के हुन्?

(४) हामीलाई हाम्रो.....................मा धुन बनाउन आदेश दिइएको छ ।

(५) मोशाको व्यवस्था अनुसार ख्रीष्ट पूजाहारी हुन किन असम्भव थियो?

# सही/गलत

(१) भजन, गीत र आत्मिक गानमा थोरै फरक छ ।　　　सही/गलत

(२) गीतको सबैभन्दा महत्वपूर्ण भाग यो सुन्दर र चलिरहेको आवाज हो ।
सही/गलत

(३) मण्डली स्थापनभए देखि नै आराधनामा वाद्यसंगीतको प्रयोगको अत्याधिक बहस भएको छ ।　　　सही/गलत

(४) बाइबलले हामीलाई वाद्यसंगीत प्रयोग गर्न कहिले पनि निषेध गर्दैन, हामी जान्दछौं कि परमेश्वर यसको प्रयोगबाट प्रसन्न हुनुहुन्छ ।
सही/गलत

(५) अधिकांश आधुनिक सम्प्रदायका संस्थापकहरुले पनि वाद्यसंगीत प्रयोगको विरोध गरेका थिए ।　　　सही/गलत

६

# सन्तहरुका संकलन (भेटी)

भेटी संकलन गर्नु ख्रीष्टियान आराधनाको एउटा महत्वपूर्ण कार्य हो । भेटी हाल्नु ख्रीष्टियानहरुका आफ्नो आशिष प्रकट गर्नु हो । निस्सन्देह दिने कुरामा सबैभन्दा ठूलो उदाहरण येशूबाट पाउँछौं । उहाँ हाम्रो लागि क्रूसमा मर्नुभयो । मर्कूस १२:४१-४४ मा मानिसले दिएको सबैभन्दा ठूलो उदाहरण पाउँछौं । मानिसहरुले मन्दिरको कोषमा पैसा राखेको येशूले देख्नुभयो । एक जना गरिब विधवा आएर दुई वटा सिक्काहरु चढाइन्, जुन त्यतिबेला चल्ने सबैभन्दा सानो सिक्का थियो । पक्कै पनि, आजको मुद्रामा सही रकम फरक हुनेछ । तर म भन्न चाहन्छु कि यो लगभग कुनै मूल्यवानको छैनन्। यो गरिब विधवाले ती सबैले भन्दा बढी दिइन् भनी येशूले भन्नुभयो । किनभने तिनीहरुले आफ्नो प्रशस्तताबाट दिए, जबकि उनले आफूसँग भएका सबै कुरा दिइन् ।

## दिने उद्देश्यहरु

दिने मनसायहरु परमेश्वरको लागि सधै महत्वपूर्ण छन् । पहिले, हामीले दिनेबारे केही गलत उद्देश्यहरु हेरौं । हामीले केवल कर्तव्यको भावना, प्रतिष्ठाको चाहना वा पुरुषहरुको प्रशंसा वा व्यक्तिगत सम्लग्नताको कमीको लागि हाम्रो विवेकलाई हल्का पार्नु हुँदैन । अलिकति पैसा दिएर सकिँदैन, व्यक्तिगत रुपमा केही गर्नु आवश्यक छ । परमेश्वरको सेवा गर्नको निम्ति उसले अरु कुनै कुरालाई प्रतिस्थापित गर्न सक्दैन् ।

दिनु भनेको मुख्यतया ख्रीष्टियानको लागि परमेश्वरप्रतिको विश्वास, प्रेम र भक्तिको कार्य हो । दिएर हामी परमेश्वरलाई हाम्रो प्रेम प्रमाणित

गर्छौं । हामी जति दिन्छौं, हामी त्यति बढदै जान्छौं । हामी उदार पाएर ईश्वरीय स्वभावमा सहभागी हुन्छौं । हामीले दिंदा हामीलाई आशिष दिनुहुने परमेश्वरले हाम्रो लागि आशिषको बाटो पनि खोल्नुहुन्छ । अन्तमा, हामी मण्डली, परमेश्वरको राज्य बढ्नको लागि दिन्छौं । मण्डलीको विभिन्न आवश्यकताहरुलाई पुरा गर्नका लागि पैसाको आवश्यक पर्छ । उहाँका छोराछोरीहरुले मण्डलीका कामलाई समर्थन गर्नु पर्छ भन्ने कुरामा परमेश्वरको योजना छ ।

## १ कोरिन्थी १६:१-२

"अब सन्तहरुका निम्ति भेटीको विषयमा गलातियाका मण्डलीहरुलाई मैले दिएको आदेश अनुसार तिमीहरुले गर्नू: प्रत्येक हप्ताको पहिलो दिन तिमीहरु हरेकले आ-आफ्नो कमाइ अनुसार केही धन छुट्टयाएर जम्मा गर्दै राख्नु, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस् ।"

यी पदहरुमा हामीले केही दिने वा केही छुट्टयाएर राख्ने आज्ञा पाउँछौं । मण्डली एकै ठाउँमा भेला हुँदा हामीलाई यो हप्ताको पहिलो दिनमा गर्न आदेश दिइएको छ । अलग्गै छुट्टयाएर राख्नु भन्नाले मण्डलीलाई दिएको योगदान बुझिन्छ, घरमा मात्र राखेको भन्ने बुझिदैन् । यदि एकै ठाउँमा घरमा राख्ने काम हो भने, त्यो कुनै पनि समयमा गर्न सकिन्छ, मण्डलीमा भेला हुँदा होइन ।

- यो व्यक्तिगत आज्ञा थियो । सबै जना सहभागी हुनुपर्छ । धनी, गरीव, वृद्ध, जवान, ऋणी इत्यादि सबैजना पर्दछ ।

- हामीले छुट्टयाएर जम्मा गर्दै जानुपर्छ । हामी प्रायः यसलाई पैसाको रुपमा सोच्दछौं, तर यसमा अरु चीजहरु पनि समावेश गर्न सक्छन्, जुन कसैसँग भएको आधारमा हुनसक्छ । केवल एक जनासँग थोरै नगद छ भने यसको अर्थ यो होइन कि उसले दिन सक्दैन् । नगद मात्र दिन सकिन्छ वा दिनुपर्छ भनेर बाइबलले कहिल्यै निर्दिष्ट गरेको छैन ।

- हाम्रो समृद्धि भए अनुसार हामीले दिनुपर्छ । हामीले दिनु

पर्ने निश्चित रकम परमेश्वरले निर्दिष्ट गर्नुभएको छैन । यहूदीहरुलाई दशांश दिन आदेश दिइएको थियो । विभिन्न बलिदानहरु र अन्य दिएको चीजहरुलाई विचार गर्दा, तिनीहरुले वास्तवमा दशांशभन्दा धेरै दिए । के हामीले उत्तम व्यवस्था र उत्तम मुक्तिदातालाई कम दिंदा हुन्छ? यहाँ महत्वपूर्ण कुरा यो हो कि हामी आफूलाई अरुसँग तुलना गर्न सक्दैनौं । योगदान दिन सक्ने कुरामा आफुलाई अरुसँग तुलना गरेर आफूलाई न्यायोचित साबित गर्ने प्रयासबाट जोगिनै पर्छ ।

- यो रोकथाम थियो । पावल आउँदा जमघट नहोस् भनेर तिनीहरुले भेटी संकलन गर्नुपर्ने थियो । यो पावल तुरुन्तै कोरिन्थी आइपुग्दाको सन्दर्भ थियो । पावल आइपुग्दा तिनीहरुको भेटी तयार हुनुपर्छ । यसले देखाउँछ कि हामीसँग उत्पन्न हुन सक्ने आवश्यकताहरुका लागि पैसा उपलब्ध हुनुपर्छ र सधैं भेटी दिनको लागि आवश्यकताको निम्ति पर्खनु पर्दैन् ।

## २ कोरिन्थी ९:५-७

"यसकारण तिमीहरुले प्रतिज्ञा गरेका भेटीका प्रबन्ध अघिबाटै मिलाउनका निम्ति मभन्दा अघि भाइहरुलाई तिमीहरुकहाँ पठाउन मैले आवश्यक ठानें । यसैले यो भेटी करपारले होइन, तर राजीखुशीले दिइएको भेटीको रुपमा तयार होस् । तर कुरा यही हो, कि थोरै छर्नेले थोरै नै कटनी गर्छ, र प्रशस्तसँग छर्नेले प्रशस्तसँग कटनी गर्छ । अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम दिओस्, इच्छा नभई होइन नता करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ ।"

- हामीले खुशीकासाथ स्वेच्छाले दिनुपर्छ । हामीले दिनु पर्छ भनी महसुस गरेर मात्र दियौं भने परमेश्वर प्रसन्न हुनुहन्न् । हामी प्रेमको भावनाले दिन्छौं, बाध्य भएर होइन् । दिनुलाई कहिले पनि कठिनाइ वा परिश्रमको रुपमा लिनु हुँदैन् । केही मण्डलीहरुले आफ्ना सदस्यहरुबाट भेटीको वाचा लिन्छन र त्यसपछि उनीहरुले प्रतिज्ञा गरे अनुसार नदिएमा चिठ्ठी पठाउँछन् । यसले खुशीसाथ दिने कुरालाई हटाउँछ, यसले दिने कुरालाई कठिनाई बनाउँछ ।

- हामीले हाम्रो हृदयमा उद्देश्य राखेर दिनुपर्छ । यसको मतलब यो हो कि हामी कति दिन्छौं भनेर पहिले नै सोची निर्णय गर्छौं । हामीले पहिले परमेश्वरलाई के दिने भन्ने निर्णय गर्छौं, त्यसपछि बाँकी खर्च गर्छौं, हामीले खर्च गरेर उब्रेको कुराहरु आइतवार भेटीको रुपमा दिंदैनौं ।
- यो खण्डले हामीलाई दिनको लागि प्रेरणा दिन्छ । भेटी दिनुलाई कठिनाई मान्न नहुनुको एउटा प्रमुख कारण यो हो कि परमेश्वरले हामीलाई हामीले दिएको भन्दा पनि धेरै आशिष दिने प्रतिज्ञा गर्नुभएको छ । हामीले लोभबाट, अर्थात, धेरै प्राप्त गर्ने इच्छाको कारणले दिनु हुँदैन् । तैपनि, परमेश्वरले हामीलाई आशिष दिने प्रतिज्ञा गर्नुभएको छ । कोही–कोही टेलिभिजन प्रचारकहरुले थप प्राप्त गर्ने इच्छालाई अपील गरेर यस खण्डको दुरुपयोग गर्छन् । चाँडै नै उसलाई चाहिने सबै चीजहरु पूरा हुनेछन् भनी तिनीहरुले कसैलाई भेटी पठाउन प्रोत्साहित गर्न सक्छन् । यसले गलत मनसाय र गैरशास्त्रीय हुनको लागि अपील गर्दछ । २ कोरिन्थी ९:८ ले हामीलाई बताउँछ कि परमेश्वरले हामीलाई आशिष् दिनुहुनेछ ताकि हामीले यसलाई अरु असल कामहरुमा प्रयोग गर्न सकौं, यसलाई आफ्नो सहजता र आनन्दको लागि मात्र प्रयोग गर्न सकोस् ।
- उपहारको आकार महत्वपूर्ण कुरा होइन । "किनभने दिने तत्परता छ भने मानिससित भए अनुसारको दान नै ग्रहणयोग्य हुन्छ, नभए अनुसारको होइन्" (२ कोरिन्थी ८:१२) । अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरले कसैको उपहारको आकारलाई मात्र हेर्नुहुन्न् । हामी हाम्रा उपहारहरु किन तुलना गर्न सक्दैनौं भनी यसले बताउँछ । परमेश्वरले कसैको क्षमता अनुसार न्याय गर्नुहुन्छ, र केवल परमेश्वरले वास्तवमा त्यो निर्धारण गर्न सक्षम हुनुहुन्छ ।

## भेटी दिँदाका परिणामहरु

स्पष्ट रुपमा यो नतिजा देखिन्छ कि मण्डलीका आवश्यकताहरु भेटीबाट पूरा हुन्छन् । बाइबलमा हामीले मण्डलीका विभिन्न कार्यक्रमहरुका लागि पैसा उठाउने वा व्यवसायमा संलग्न हुने कुनै अधिकार पाएका छैनौं, न त

मण्डलीले अख्रीष्टियानहरुबाट भेटीको लागि बिन्ति गर्न सक्छौं, जसरी आज धेरै टेलिभिजन कार्यक्रमहरुमा यो सामान्य देखिन्छ । मण्डलीको कामलाई मण्डलीका सदस्यहरुको भेटीको प्रयासले समर्थन गर्नुपर्छ ।

भेटी दिँदा परमेश्वरलाई धन्यवाद र महिमा गर्नु पर्छ । परमेश्वरमा हामीले सेवा गर्दा अरु धेरैले हाम्रो सेवकाईको प्रमाण देख्छन् र हामीले परमेश्वरको आज्ञा पालन गरेको देख्दा तिनीहरुले परमेश्वरको महिमा गर्छन् । मत्ती ५:१६ मा ख्रीष्टले यसबारे भन्नु भएको हामी देख्छौं, "यसरी नै तिमीहरुको ज्योति मानिसहरुका सामुन्ने चम्कोस्, र तिनीहरुले तिमीहरुका सुकर्म देखून्, र स्वर्गमा हुनुहने तिमीहरुका पिताको महिमा गरुन् ।"

हामीले भेटी दिएर मण्डली बृद्धि हुन सहायता गर्छौं र हामी आत्मिक रुपमा बृद्धि हुन्छौं । हामीले सक्ने दियौ भने, मण्डलीसँग उनको काम गर्ने कोष हुन्छ, जसले धेरै ठाउँमा हराएको आत्मालाई प्रभुमा परिवर्तन गर्न सहायता मिल्छ । थोरै मानिसहरु मण्डलीको भाग बन्न चाहन्छन्, जहाँ केही पनि काम भइरहेको छैनन् । मण्डलीहरुले काम गरिरहेको देख्दा परमेश्वरको महिमा हुन्छ । मानिसहरु राम्रो काम भइरहेको मण्डलीको हिस्सा बन्न चाहन्छन् ।

नाम.....................................................भर्ना नम्बर..........................

## प्रश्नहरु

(१) गरिब विधवाले मन्दिरको कोषमा कति पैसा दिइन्?

(२) परमेश्वरलाई कति दिनुपर्छ भनी यहूदीहरुलाई आज्ञा दिइएको थियो?

(३) आफ्नो हृदयमा एउटै उद्देश्य हुनुको अर्थ के हो?

(४) परमेश्वरले.................................................दिनेलाई प्रेम गर्नुहुन्छ ।

(५) भेटी दिँदा परमेश्वरलाई......................र...................उत्पादन गर्छ ।

# सही/गलत

(१) परमेश्वरलाई उदारतापूर्वक भेटी दिनु भनेको आफ्नो सम्पति बढाउने उत्तम तरिका हो, किनकि येशूले उदारतापूर्वक दिनेहरुलाई आशिष दिनेछु भनी प्रतिज्ञा गर्नुभएको छ । सही/गलत

(२) मण्डलीको कामलाई समर्थन गर्न केही "अतिरिक्त" पैसा भएकाहरुले मात्र भेटी दिनुपर्छ । सही/गलत

(३) दिनु मुख्यतया परमेश्वरप्रतिको विश्वास, प्रेम र भक्तिको कार्य हो । सही/गलत

(४) जब हामी दिन्छौं, हामीले किन दियौं भन्ने कुराले खासै फरक पार्दैन् । सही/गलत

(५) परमेश्वरमा स्वीकार्य छ कि छैन भनेर जान्ने एउटा प्रमुख कारक हाम्रो उपहारको आकार हो । सही/गलत

# मण्डलीले कसरी आराधना गर्छ?



**प्रार्थना गरेर**

प्रेरित २:४२
प्रेरित १२:५
१ तिमोथी २:१

**भजन गाएर- स्वर संगीत**

एफिसी ५:१९
कलस्सी ३:१६
१ कोरिन्थी १:२१

**वचन प्रचार गरेर- सिकाउने**

प्रेरित २०:७
गलाती १:६-८
१ कोरिन्थी १:२१

**प्रभुभोज- साप्ताहिक रूपमा**

प्रेरित २०:७
लूका २२:१९-२०
१ कोरिन्थी ११:२४-२५


**भेटी दिएर- साप्ताहिक रूपमा**

१ कोरिन्थी १६:१-२
२ कोरिन्थी ९:६,७

"परमेश्वर आत्मा हुनुहुन्छ, र
उहाँका आराधकहरुले
आत्मा र सत्यतामा
आराधना गर्नुपर्छ ।"
(यूहन्ना ४:२४)



# किन हामी परमेश्वरलाई आराधना गर्छौं?



(१) उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ । उहाँलाई हामीले आराधना गरेर आदर गर्छौं । (भजनसंग्रह ४५:११)

(२) उहाँलाई सम्मान गर्न र उहाँको पवित्र नाउँलाई प्रशंसा गर्न (भजन संग्रह ६६:१४) ।

(३) उहाँको पवित्रतालाई पहिचान गर्न (भजनसंग्रह ९९:५,९; प्रकाश १५:४) ।

(४) उहाँको कृपा करुणा, उहाँको सत्यता र उहाँको वचनको कारणले (भजन संग्रह १३८:१-२) ।

(५) उहाँ योग्यको हुनुहुन्छ (प्रकाश ४:१०-११; ५:१४; ७:११-१२) ।

(६) उहाँलाई महिमा गर्न (प्रकाश १४:७) ।

(७) उहाँ हाम्रो परमेश्वर हुनुहुन्छ (भजन संग्रह ९५:६-७)

# आराधनाका प्रकारहरु

## (१) इच्छा अनुसारको आराधना (कलस्सी २:२३) ।

"उपासनालाई कष्टदायी बनाएर र आफैलाई हियाएर, र शरीरलाई

शास्ती दिएर तिनीहरूको बुद्धिको स्वाँग त पार्छन, तर शरीरका अभिलाषा( लाई काबूमा ल्याउन यी कुराहरू कुनै मूल्यका हुँदैनन् ।" हाम्रो बुद्धि र इच्छाबाट गरिएको यस्तो प्रकारको आराधना परमेश्वरले हामीबाट अपेक्षा गर्नुहुन्न् ।

## (२) अज्ञानताका आराधना (प्रेरित १७:१६-३१) ।

"किनकि घुमफिर गर्दैजाँदा तपाईहरूले पुज्ने वस्तुहरू देखे । मैले एउटा यस्तो वेदी पनि भेट्टाएँ जसमा "अज्ञात देवताको निम्ति" भन्ने खोपिएको

रहेछ । यसैले जसलाई तपाईहरू नजानीकन पुज्नुहुन्छ उनलाई म तपाईहरू का माझमा घोषणा गर्दछु ।" एथेन्सका दार्शनिकहरूले जस्तै परमेश्वरलाइ ' आराधनामा बेवास्ता नगरौं ।

## (३) व्यर्थको आराधना (मत्ती १५:९; ७:२१-२३) ।

"तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन् ।" व्यर्थ भन्नाले काम नलाग्ने, रित्तो, मूल्य नभएको भन्ने बुझिन्छ । परमेश्वरले यस्तो प्रकारको आराधनालाई स्वीकार




**Jerry and Paula Bates**

World Evangelism

दाजु जेरी र दिदी पाउला बेट्स दुबै संयुक्त राज्य अमेरिकाको टेनेसी मूल निवासी हुन् । दाजु जेरीले फ्रिड-हार्डेम्यान विश्वविद्यालय र मिसिसिपी राज्यबाट स्नातक गर्नुभयो । प्रचार सुरु गर्नुभएपछि उहाँले मेम्फिस, टेनेसीको हार्डिंग ग्रेजुएट स्कुलबाट धर्म कलामा स्नातकोत्तर र  फ्लोरेन्स, अलाबामाको हेरिटेज ख्रीष्टियान विश्वविद्यालयबाट दिव्यतामा स्नातकोत्तर ( M.Div.) प्राप्त गर्नुभयो । उहाँले टेनेसी, अर्कान्सास र मिसिसिपीका स्थानीय मण्डलीहरूसँग काम गर्दै २५ वर्षभन्दा बढी समयदेखि प्रचार गर्दै हुनुहुन्छ ।

अगस्ट २००७ मा, जेरी र पाउला विनोना सर्नु भयो र विश्व इभान्जेलिज्म टोलीमा सामेल हुनुभयो । पाउला पुस्तक रक्षकको रुपमा काम गर्नुहुन्छ र साथै विदेशमा मिसन यात्राहरू बनाउनुहुन्छ । जेरी भ्वाइस अफ ट्रुथ इन्टरनेशनलका सहयोगी सम्पादक हुनुहुन्छ । उहाँले मुख्यतया विदेशी ढुवानीको समन्वयको साथसाथै मिसन यात्राहरू बनाउने काम गर्नुहुन्छ ।

जेरी डेन्भर, कोलोरोडोमा बियर भ्याली बाइबल इन्स्टिट्युटका लागि विस्तारित संयोजक र शिक्षकको रूपमा पनि काम गर्नुहुन्छ । उहाँले भारतमा दुई पूर्ण कालिन समय प्रवचन विद्यालयहरू र कहिलेकाहीं आवश्यकता पर्दा विभिन्न देशहरूका अन्य विद्यालयहरूमा शिक्षकहरूसँग नजिकबाट काम गर्नुहुन्छ । उहाँ जे.सी. स्कुल अफ इभान्जेलिज्मका प्रतिष्ठान अध्ययक्ष पनि हुनुहुन्छ, जसले प्रभुको मण्डलीका सदस्यहरूलाई क्षेत्रीय सुसमाचारमा सक्रिय हुन उत्प्रेरित गर्ने र प्रोत्साहित गर्ने प्रशिक्षण कार्य गर्दछ । दिदी पाउलाले यात्रा गर्दा महिला र  बा(लबालिकालाई नियमति कक्षा र गोष्ठीहरूमा पढाउनुहुन्छ ।





सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरु प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस् ।

मोबाइलः ९८४३०५२०९४